QUIZ COMPETITION : With the limited time at our disposal the inter-section Quiz Competitions were held in the month of September 1985 Sarbashri K. R. Thapa, B. C. Mishra, Bhanu Baral and Sahid Ahmed have done commendable job in connection with organising the Quiz Competition, and preparing the boys for their participation in the Inter School Debate Competition and Tulasi Jayanti Celebration.

NEW DUPLICATING MACHINE :

A new Duplicating machine worth Rs. 17,000 (including taxes etc) is purchased which is now giving wonderful results. We had been having difficult time with the old ones especially during examinations because they had to be sent away for repairing etc. quite frequently. Now we feel that the new automatic Duplicating machine is a worth while innovation.

SCHOOL BAND : New and sophisticated drums have been purchased for the School Band. The old drums and other equipments of the School Band had become quite unuseable because of frequent repair works. The School Band boys formed under Shri S. K. Subba, had a pleasant surprise with the news of new sets and no wonder they gave quite an impression in the Mela ground on 15th August with their tricks with the drum sticks which they had participates picked up from the Army Band.

In conclusion my thanks are due to all my painstaking colleagues, because of their devotion and sincerity in carrying out the routine works in the School during the pressing circumstances. Through the thick and thin, they have been my closest associates, helping to hold the fort in the midst of stress and storm. My thanks are also due to the School captain, vice-captain and prefects for their co-operation in maintaining discipline in the School all through the year. Finally, I hope that under God's guidance the Institution will move forward on the path of greater progress and prosperity.

P. R. PRADHAN
Principal.

Wishing You All a Merry
Christmas and
a Happy New Year.

The School will
REOPEN
on the 17th February, 1986.

"GREETING AND WELCOMING"
Sri K. P. Rai, Principal Agriculture Officer, Darjeeling, the Chief Guest being garlanded

Singing Teachers.

The Opening Song
(Prize Day)

Old but familiar faces.
"Only they are not familiar faces"
(Prize Day)

KANCHA AY KANCHA
in
Tamang Cello
(Prize Day)

"The Grand Finale"
School Captain and Prefects
in August 15th Parade.

सुमाइट

कालिम्पोङ—१९८५

कालिम्पोङ

इगनासियस लेप्चा
एघारौं श्रेणी 'कला'

वरिपरि हरियाली छाएको
पहाड़को रानी जन्मभूमि
यसैमा आइ पाएकी
कति राम्री कालिम्पोङ्ग रानी।

चारैतिर सुनौलो उज्यालो
मन्द-मन्दमा पल छाएको
यसैमा सुन्दरता बढ़ाउने
कोइली चरी गाएको।

रोमाञ्चित गराउने दृश्यले
मधुवन जस्तो स्थानले
शहरको कोलाहल वातावरणले
वर्णन गर्नु नसक्ने लहरले।

दुर्बिनको त्यो झलक
आउँछन् याद फौजीको
कम्मर कसी संघर्षमा बसी
रक्षा गर्छन् माताको।

यात्री देश-विदेशका
पहिरन अनेकौं भेषका
आउँछन् यहाँ गर्छन् प्रशंसा
हाम्रो सुन्दर देशका॥

———

२

विज्ञानको चमत्कार

हरि प्रसाद दहाल
कक्षा—१० खण्ड 'ख'

आजको वर्त्तमान युग विज्ञानको युग हो। विज्ञान विना मानव जीवन मेरुदण्ड नभएको प्राणी झैं हुन्छ कारण विज्ञानले मान्छे जीवनको हरेक क्षेत्रमा ठूलो प्रभाव पारेको छ — यस विना हामी मृतप्रायः हुन्छौं। वैज्ञानिक र तकनिकी विकाशले गर्दा नै आज विश्वमा होड़बाजी भइरहेछ। सफलताको चरम शिखरमा पुग्नलाई कालिम्पोङ जस्तो एउटा सानो महकुमा, जसको मानचित्रमा अस्तित्व पनि छैन, यहाँ पनि विज्ञानको प्रभाव नपरेको होइन।

आगोको सृष्टि नै विज्ञानको श्रीगणेश हो यसैले जति समय बितेर गयो त्यति नै आविष्कार माथि आविष्कार थपिन्दै गयो। विश्वलाई विज्ञानले साँगुरो बनाइसकेको छ यसैले अब अन्तरीक्षको अभियान एक्काइसौं शताब्दीको विज्ञान हुन गएको छ। हामी त्यस दिनको कल्पनामा छौं, जब हामी गरमको छुट्टीमा 'शुक्र ग्रह' अथवा अन्य अरू ग्रहतिर जाउँला। त्यसदिनको हामीलाई इन्तजार छ, जब हामी अन्तरीक्षको कुनै ग्रहमा 'बनभात' खेल्न जाउँला। रेडियो, टेलिभिजन, टेलिफोन, आदि नाना थरिका आविष्कारहरूले गर्दा आज हामी विकाशको उच्च शीखरमा पुगेको अनुभव गर्छौं—यसैले हाम्रो शीर श्रद्धाले नतमस्तक हुन्छ — आइन्स्टाइन, न्युटन, ग्राहम बेल, एडिसन, आदि महान वैज्ञानिकहरू प्रति।

विज्ञानको प्रभाव चिकित्सा विज्ञान, कृषि आदिमा पनि भएकोले आज विश्वमा खतरनाक रोगहरूको उपचार सहज तरीकाले भइरहेछ, मानिसहरूको मनबाट डर, भय र आतंक लुप्त भइसकेको छ। आज कृषिमा 'हरित'ले भारतवर्ष जस्तो कृषि प्रधान देशको सम्पूर्ण चित्र परिवर्तन गरिदिएको छ। अब हामीलाई क्षयरोग, औले ज्वरो इत्यादि रोगहरूको डर रहेन। आज अमेरिकालाई कालिम्पोङमा देखाइन्छ दूरदर्शनको माध्यमले। डाक र तार विभाग पनि वैज्ञानिककै देन हो। साठी वर्ष अघि दार्जीलिङ जान पर्दा शायद हाम्रा बाजेहरूलाई सम्पूर्ण दिन नै लाग्थ्यो भने आज हामी २½ घण्टामा पुग्छौं। विज्ञानले समयलाई पनि साँगुरो बनाएको छ।

तर यति विघ्न लाभ हामीले हासिल गरेता पनि विज्ञानलाई नियंत्रणमा ल्याउन नसकेकोले — हावाजहाज आकाशमा जल्छ, गाड़ी पल्टिन्छ, टेलिभिजनको किरणले दृष्टिपटलमा रोग लाग्छ, एन्टीबयोटिकस र ड्रग्सहरूले अरू हानिकारक रोगहरूको सृष्टि गराउँछ। वैज्ञानिकहरूले विज्ञानको फायदा लिए तर विज्ञानलाई नियंत्रण गर्न सकेनन् परमाणु विस्फोटन, न्यूट्रन बम र अन्य आणविक हतियारहरूको सृष्टि गरायो विज्ञानले। जुन सृष्टिहरूको बलमा निर्धो र लाटा राष्ट्रहरू बलिया राष्ट्रहरूको चंगुलमा पर्नथाले — विश्वमा नयाँ राजनीति शुरु भयो।

तरै पनि आज एक रात बिजुली बत्ती नपाउँदा हाम्रो सास थुनिन्छ। फसल बिग्रेर जान्छ, कृत्रिम मल नहुदाँ, कुवाको भ्यागुतो भैं हुन्छौं, एक महीनासम्म खबर कागज नपाए। विज्ञान हाम्रो मुटुको स्पन्दन हो, विज्ञानमा हाम्रो अस्तित्व कायम भएको छ। विज्ञानबाट हामीलाई हर सुख र शान्ति हासिल गर्न सक्तैनौं। विज्ञानबाट प्राप्त सुख-सुखका साधनहरू क्षणभंगुर हुन, कारण 'जन्म लक्ष्य नै मृत्यु किनार' भन्नुहुन्छ महाकवि लक्ष्मीप्रसाद देवकोटा। जति-जति विज्ञानले प्रगति गर्ला, त्यतिनै मानव जीवनमा जटिलता पैदा भएर जान्छ— कारण मान्छे जातिमा लोभ र इच्छा, रक्तमा संचार हुन्छ। विज्ञानको नाममा भ्रष्टाचारहरूको संख्या बढ़छ कारण चार्ल्स सोबराज जस्ता खतरनाक अपराधीले विश्वको प्रहरी प्रणालीलाई चक्मा दिएको केवल विज्ञानको बलमा। हरेक अल्फ्रेड नोबेलले —शान्ति कायम गर्नमा डाइनामाइट अविष्कार गरेता पनि डाइनामाइटलाई दुर्व्यवहार गर्न दश जना पैदा गराउँछ विज्ञानले नै !

विज्ञानको बलमा आज संसार अड़िएको छ यसैले विज्ञान र वैज्ञानिक प्रति हरेक भारतवासी साथै विश्वका समस्त मानव जातिले श्रद्धा र कृतज्ञता प्रकट गर्न पर्छ, कारण विज्ञानकै देनले आज हामी हाम्रा पूर्खाहरू भन्दा ज्यादै सुखी छौं ! हामीमा सुखका साधनहरू प्रशस्त छन्— हामी शिक्षित छौं— अनपढ़ र अशिक्षित पूर्खाहरूभैं छैनौं, हामी यथार्थवादीहरू भयौं, विज्ञानले। तर, तर..... विज्ञानले प्रगति चरमसीमामा पुऱ्याएकै दिन समस्त संसारमा वृहत् प्रकोपको सृष्टि गराउने आशंका विज्ञानले नै बताएको हो।

वीर जवान

अनिल ज्योती प्रधान
कक्षा एघारौं 'कला'

हे भारतका वीर जवान
हे भारतका वीर सन्तान !
तिमी हौ देश रक्षक महान्
औ सफल भारतीयहरूका प्राण !

कायर नबन कुनै दलमा
पछि नहट कुनै बलमा !
तब खुकुरी हान्दै शत्रु पक्षमा
पुग्न सकने छौं आफ्नै लक्ष्यमा !

अनेकौ यन्त्रको सामना गर्दै
बलभद्र तुल्य असीम वीरत्व देखाऊ !
भारत मातालाई रक्त चढ़ाउँदै
मातृभूमिमा शान्ति कायम गराऊ !

हे भारतको वीर जवान
हे भारतको वीर सन्तान !
तिमी हौ देश रक्षक महान्
औ सफल भारतीयहरूका प्राण !!

• • • •

मेरो कल्पना झस्किएर यहाँ

अमर प्रकाश पोखरेल
दशौं श्रेणी "ख"

मेरो कल्पना झस्किएर यहाँ
मेरो शून्य विश्व तोडिन्छ
फुट्छ.....पड़किन्छ
हो ! नागासाकी र हिरोसिमाको
क्रन्दनहरूले उकेलेर
चिच्चाहट र क्रन्दनको हर मिलनहरूमा
रोएका ती हृदयहरू यहाँ तड़पिन्छ ।
म झस्किन्छु अर्कै विश्वमा
त्यो विश्वले मलाई निलिसकेको हुन्छ
म तृप्त हुन्छु त्यस कल्पनामा
तर तृष्णाको मुहान अझ
फराकिलो भएर
भावना र संकीर्णताहरू पड़किएर
विश्वको अस्तित्व हराइसकेको हुन्छ ।
मेरो भावनाहरू अझ पड़किएर
मेरो प्रतिविम्वको हर कणहरू
जुनेली रातको जुनझैं
ती पूर्णिमाहरूमा
विद्रोहको निम्तो हुन्छ ।
विद्रोहले समातेर विश्वलाई
चुड़ाउँछ. . .... फुटाउँछ..... पड़काउँछ.....निचोर्छ
हिंस्रक पशुहरूले झैं
विश्व त अब हिंस्रक पशु भइसकेछ
हो ! मानिसहरू मानिसहरूको रक्तको प्यासी
छोराहरू आफ्नो आमाको रक्त-प्यासी भएर ।
मेरो अश्रुहरू फुटेर
म तड़पिन्छु यस विश्वमा
मेरो हृदयको ज्वालाहरू अझ दन्किएर
मलाई असक्त बनाइसकेको हुन्छ ।
तर म अझ फुटिरहेको हुन्छु
मेरो शरीरको हर रक्त बिन्दुहरू
अणु परमाणुहरूमा व्याप्त हुन्छ
हो ! त्यही व्याप्त बनेका चाहनाहरू लिएर
मेरो कल्पना झस्किन्छ यहाँ ।

———

प्रतिज्ञाको यथार्थ

कर्ण बहादुर चामलिङ
दशौं श्रेणी

बिस्तारै दिनहरू बदलिन्छन् । मलाई चाक्क लाग्छ ती आवाजहरू जहाँ हरदम एउटै कुरा दोहोरिन्छ । मलाई रीस उठ्छ यहाँ सबैं नै, किनभने मेरा बाँच्ने अधिकारहरू लुट्न खोज्छन् । म धोरिन्छु ।

स्थितिहरू अनौठो हुन्छ वा त यी स्थिति नभएर परिस्थिति बन्दछ कि ? होइन, मलाई अहिले मेरै हर पाइलाहरू यसै गह्रौं लाग्छ, होइन यी अधिकार रोज्न खोज्दछन्, हर स्वार्थीहरू । अब फेरि टाँसिन पुग्छ, पुनः उही स्थितिको बारंभिन्न मलाई सम्पूर्ण ब्रह्माण्ड देब्रे घुम्दछ जस्तो लाग्छ, स्थितिबाट निर्दोष साबित हुन गाह्रो पर्छ फेरि । शायद यही घटना होला ! तर म कसरी चिन्नु ?

पुनः दिनहरू लम्बिन्छन् । अब त ती शब्दहरूपनि पुरानो हुनपर्ने, तर के हो ? म बुझ्न सक्तिन । रमाहटलाई ताप्न खोज्दछ, अंकुसेले तान्दछ सबैं । उफ बाँच्न पनि कठिन रहेछ, म सोच्दछु ।

अनायसै आँखा खोलिदिन्छु । अहा ! विहान भइसकेछ, म ओछ्यानबाट उठ्दछु अनि हात-मुख धोएर केही प्रार्थना गर्दछु, जीवन समस्यालाई सुल्झाउन ।

केही पढ्छु, किनकि आज अन्तिम परीक्षा, यो अर्द्धवार्षिक परीक्षाको ।

केहीक्षणपछि पाठशाला जाने समय हुन्छ, म उठ्दछु अनि खाना खाएर, लुगा लाउनलाई लुगा समाउँछु । उफ् कमीज मैलो, पतलुन पनि त्यस्तै । तर प्रतिज्ञा ! म खुशी हुन्छु अनि मुस्कुराएर पतलुन र कमीज लाउँछु, किनकि परीक्षाको पहिलो दिन देखि अन्तिम दिनसम्म एकैपल्ट धोएको कमीज लाउने । यो पनि कस्तो प्रतिज्ञा ? हाँस्छु । जे होस्, लाउँछु म आवरण ढाक्छु ।

"रणे यतिकै स्कूल जान्छस्, धोएर त लाउनू, हिज धोएको भात सुक्ने थियो त ।" आमाले कराउँछिन् ।
" — " म बोल्दिन । मौन बसिदिन्छु । अब स्कूल लाग्छु ।

बाटोम साथी रविन भेट्छु ।

"रणे ड्रेस धोएनौ ?" उसले सोध्छ ।

"धोइन यो मेरा प्रतिज्ञा थियो" म भनिदिन्छु ।

"कस्तो प्रतिज्ञा छिः छिः" रविनले घृणित दृष्टिकोणमा जिस्काउँदै भन्छ ।

'शायद म भित्र काँडा पसे अवश्यै धोच्छ, वास्तवमा यो मेरो प्रतिज्ञा थिएन, तर म प्रतिको आस्था थियो, जहाँ आफैलाई संकोच लाग्दथ्यो र आज आफैलाई चिन्न खोजेको मात्र हो । जहाँ हजारौं अस्तित्व-मा कलंक लाग्दछ, के तिमी पनि सहमत रहन्छौ यसमा ? निश्चय तिमी सहमत दिंदैनौ. किनकि झूटो आस्थामाथि विश्वास गरेर के फायदा ? तर मान्छे-मान्छेको निम्ति यहाँ यसरी नै बाँच्दै छौं, साँच्चै बाँच्नैपर्दोरहेछ ।" म यसरीनै भनिदिन्छु ।

"तर तिमीले मैलो कमीज लाएर जाति त गरेनौ ।" उसले भन्छ "हो ! मित्र म नजाती बन्नलाई नै यसो गर्न वाध्य भएँ । बाध्यताभित्र निस्सासिन पर्दा निश्चय पानी बर्सन्छ, त्यो जीवनको आँसु मानिन्छ । यहाँ बाध्यताको अर्को पर्खाल छ अनि पछाडि रहेका सम्पूर्ण वस्तु हामी देख्न सक्तैनौं । तर सुनिन्छ, यहाँको थुप्रै खल्याङ-खुल्लुङ आवाजहरू कहिले घनरङ्ग गर्छ, तर हामी पर्खालवारि नै निस्सासिन्छौं । उफ! कुन युगको चेतावनी हो । तिमी भन, मलाई यसरी नै आत्मविश्वासको निम्ति थुप्रै-थुप्रै प्रतिज्ञा गर्न मनलाग्छ" उत्तर दिन्छु ।

"के तिमी मैलो कमीजमा नै आत्मा-विश्वास् पाउँछौ ?"

"पाउँछु अवश्य, यो मेरो प्रतिज्ञा आत्म-विश्वासको पर्दा भित्र बाँच्दछ, जहाँ हजारौं कलाकारहरूले भाग लिन्छन्, शायद सफल त हुँदैन जस्तो लाग्यो, तर अहिले खुब सफलता पाएको अनुभव गर्छु ।"

"तिम्रो दृढ़ विचारसंग पनि म तीन छक्क पर्छु ।"

"तिमी छक्क नपर, हामी छक्क पर्छौं र नै अरूलाई पनि छक्क पार्छौं, जहाँ अस्तित्वको हार हुन्छ ।"

"जीत हाम्रै हुन्थ्यो, यदि चेतना हामी-मा भएदेखि ।"

"यसलाई चेतना मान्दैनौं, चेतनाले थप्पड़ लाए यसको निष्कर्ष भूल ठान्छौं । के तिमीलाई चेतना भनेर थप्पड़ लाए तिमी मान्छौ, म त मान्दिन ।"

"हो त्यो ता मान्छु ।"

"मेरो निर्णय त्यहीं हुन्छ ।"

हामी पाठशाला पुग्छौं, उनी पनि यही स्कूलमा भर्ना हुन आएको रे । दिन यसरी सकिंदैछन्, मलाई दिक्क हुन्छ, पुनः आवाजहरू । यसरी नै म मेरा पाइला बढ़ाइरहन्छु । तर स्वरहरू हराउँदैन । उफ्! कस्ता इच्छाहरू अधिकार लुट्न खोज्ने ? म घोरिन्छु.....।

तीन शब्द

प्रकाश प्रधान
एघारौं श्रेणी 'कला'

तीन—लाई प्रणाम गर ——— माता, पिता, गुरू ।
तीन—सित ठट्टा नगर ——— गुरू, विधवा, अनाथ ।
तीन—चीज फर्केन — ——— प्राण, शब्द, समय ।
तीन—सित बल नगर ——— आगो, पानी, भीर ।
तीन—कुरा नमुल ——— उपकार, उपदेश, उदारता ।
तीन—देखि बाँच ——— लालच, नीच नारी, मद ।
तीन—सित प्रेम नगर ——— दरिद्र, पशु, समाज ।
तीन—कुरो सोच ——— भविष्य, दुःख, गुण ।
तीनको—निम्ति लड़ ——— स्वतन्त्रता, न्याय, देश ।
तीन—लाई नियन्त्रण गर ——— जवानी, आदत, रिस ।
तीन—लाई समान ठान ——— जात, मित्र, धर्म ।

✪ ✪ ✪

सुमाइट

कालिम्पोङ—१९८५

कालिम्पोङ

इगनासियस लेप्चा
एघारौं श्रेणी 'कला'

वरिपरि हरियाली छाएको
पहाड़को रानी जन्मभूमि
यसैमा आइ पाएकी
कति राम्री कालिम्पोङ्ग रानी।

चारैतिर सुनौलो उज्यालो
मन्द-मन्दमा पल छाएको
त्यसैमा सुन्दरता बढ़ाउने
कोइली चरी गाएकी।

रोमाञ्चित गराउने दृश्यले
मधुवन जस्तो स्थानले
शहरको कोलाहल वातावरणले
वर्णन गर्नु नसक्ने लहरले।

दुर्बिनको त्यो झलक
आउँछन् याद फौजीको
कम्मर कसी संघर्षमा बसी
रक्षा गर्छन् माताको।

यात्री देश-विदेशका
पहिरन अनेकौं भेषका
आउँछन् यहाँ गर्छन् प्रशंसा
हाम्रो सुन्दर देशका॥

———

२

विज्ञानको चमत्कार

हरि प्रसाद दहाल
कक्षा—१० खण्ड 'ख'

आजको वर्त्तमान युग विज्ञानको युग हो। विज्ञान विना मानव जीवन मेरुदण्ड नभएको प्राणी भैं हुन्छ कारण विज्ञानले मान्छे जीवनको हरेक क्षेत्रमा ठूलो प्रभाव पारेको छ — यस विना हामी मृतप्रायः हुन्छौं। वैज्ञानिक र तकनिकी विकाशले गर्दा नै आज विश्वमा होड़बाजी भइरहेछ। सफलताको चरम शिखरमा पुग्नलाई कालिम्पोङ जस्तो एउटा सानो महकुमा, जसको मानचित्रमा अस्तित्व पनि छैन, यहाँ पनि विज्ञानको प्रभाव नपरेको होइन।

आगोको सृष्टि नै विज्ञानको श्रीगणेश हो यसैले जति समय बितेर गयो त्यति नै आविष्कार माथि आविष्कार थपिन्दै गयो। विश्वलाई विज्ञानले साँगुरो बनाइसकेको छ यसैले अब अन्तरीक्षको अभियान एक्काइसौं शताब्दीको विज्ञान हुन गएको छ। हामी त्यस दिनको कल्पनामा छौं, जब हामी गरमको छुट्टीमा 'शुक्र ग्रह' अथवा अन्य अरू ग्रहतिर जाउँला। त्यस दिनको हामीलाई इन्तजार छ, जब हामी अन्तरीक्षको कुनै ग्रहमा 'बनभात' खेल्न जाउँला। रेडियो, टेलिभिजन, टेलिफोन, आदि नाना थरिका आविष्कारहरूले गर्दा आज हामी विकाशको उच्च शीखरमा पुगेको अनुभव गर्छौं —यसैले हाम्रो शीर श्रद्धाले नतमस्तक हुन्छ — आइन्स्टाइन, न्युटन, ग्राहम बेल, एडिसन, आदि महान वैज्ञानिकहरू प्रति।

विज्ञानको प्रभाव चिकित्सा विज्ञान, कृषि आदिमा पनि भएकोले आज विश्वमा खतरनाक रोगहरूको उपचार सहज तरीकाले भइरहेछ, मानिसहरूको मनबाट डर, भय र आतंक लुप्त भइसकेको छ। आज कृषिमा 'हरित'ले भारतवर्ष जस्तो कृषि प्रधान देशको सम्पूर्ण चित्र परिवर्तन गरिदिएको छ। अब हामीलाई क्षयरोग, औले ज्वरो इत्यादि रोगहरूको डर रहेन। आज अमेरिकालाई कालिम्पोङमा देखाइन्छ दूरदर्शनको माध्यमले। डाक र तार विभाग पनि वैज्ञानिककै देन हो। साठी वर्ष अघि दार्जीलिङ जान पर्दा शायद हाम्रा बाजेहरूलाई सम्पूर्ण दिन नै लाग्थ्यो भने आज हामी २½ घण्टामा पुग्छौं। विज्ञानले समयलाई पनि साँगुरो बनाएको छ।

तर यति विघ्न लाभ हामीले हासिल गरेता पनि विज्ञानलाई नियंत्रणमा ल्याउन नसकेकोले — हावाजहाज आकाशमा जल्छ, गाड़ी पल्टिन्छ, टेलिभिजनको किरणले दृष्टिपटलमा रोग लाग्छ, एन्टीबयोटिकस र ड्रग्सहरूले अरू हानिकारक रोगहरूको सृष्टि गराउँछ। वैज्ञानिकहरूले विज्ञानको फायदा लिए तर विज्ञानलाई नियंत्रण गर्न सकेनन् परमाणु विस्फोटन, न्यूट्रन बम र अन्य आणविक हतियारहरूको सृष्टि गरायो विज्ञानले। जुन सृष्टिहरूको बलमा निर्धो र लाटा राष्ट्रहरू बलिया राष्ट्रहरूको चगुंलमा पर्नथाले — विश्वमा नयाँ राजनीति शुरु भयो।

भन्दथें पीर-व्यथा भोग्ने एक्लै छु

जेम्स लेप्चा
एघारौं श्रेणी 'कला'

भन्दथें पीर-व्यथा भोग्ने एक्लै छु म !
भन् असीम पीर भएका हजारौं रहेछन्
छैन केहि मेरा आँशु बाहेक अरू
आँशुने रित्तिएका हजारौं रहेछन् !
खरको झुप्रो, बसेको यी झुत्रा लुगा
थोत्रो थाङनो फुटेको यी भाँड़ाहरू
हेरी सयपल्ट दिनमा म धिक्कार्दथें
दैवलाई र भन्थे कसरी मरुँ ?
आज याद भो—धनी पो रहेछु म ता
भागमै थन्किएका हजारौं रहेछन् !
वर्षामा एकदिन खाई सिद्राको झोल
चाड़ दशैंको मनाईरहन्थे म ता
मासु खाने जातिलाई या बेस्सरी
व्यङ्गको बाण हाने झैं ठान्थे म ता
भेटें सिद्राको दर्शन नपाउने पनि
स्वाद नै बिर्सिएका हजारौं रहेछन् !
हे प्रभु मैले तिम्रो अनादर गरें
केहि दिएनौ भलाई भन्ने आक्रोशमा
आज याद भो निक्कै पो दिएका रहेछौ
त्राहिमान ? के भनें के भनें जोसमा
मेरो झुत्रो न गाँसको आश छ
आशा नै मेटिएका हजारौं रहेछन् !
भन्दथें पीर-व्यथा भोग्ने एक्लै छु म
भन असीम पीर भएका हजारौं रहेछन् !

S. U. M. Institution
Kalimpong

[व्यक्ति-परिचय]

युवा-शक्तिको एक झलक : ब्रुस ली

राजेन गुरुङ
बाह्रौं श्रेणी 'विज्ञान'

संयुक्त राष्ट्र संघले बाल, नारी वर्ष, विकलांग वर्ष आदि पूर्ण घोषणा गरे बापत सन् १९८५ साललाई युवा वर्ष घोषित गरे। युवा वर्ष भने पछि जुनसुकै युवक वा युवती प्रायः चौदह वर्ष देखि पैंतिस वर्ष सम्मकाहरू यसको छत्रछायामा पर्न जाँदछ। यसरी नै कुनै कुरो सफलतापूर्वक गर्नु वा सिक्नु पनि एक कला हो। यस्तै कला-को सन्दर्भमा हाम्रो एक युवा कलाकार ब्रुस ली पनि हो।

ब्रुस ली कुंग-फुको जन्मदाता हुन्। आफ्नो आत्मरक्षाको निमित्त मानिसले जे पनि गर्न सक्छ भन्ने सावालिन गुरुहरूको सिद्धान्त हाम्रो कुंग फुको महान योद्धाको सिद्धान्त थियो। ब्रुस लीको जन्म २७ नोभेम्बर सन् १९४० मा अमेरिकाको सानफ्रान्सिसको भन्ने जग्गामा भएको थियो। पेलेलाई झैं ब्रुस लीलाई पनि उनका नर्सहरूले बोलाउने गर्थे तर उनको वास्तविक नाम भने चाहिँ जुन-फान-ली हो। उनी ब्रुस ली नामले नै यस जगतमा प्रसिद्ध भए याने कि उनी बीसौं शताब्दीको एक चमत्कार नै हुन् तर यत्रो चमत्कार देखाउने ब्रुस ली प्रायः ६० (साठी) किलोका (at normal stage) मात्र थिए।

ब्रुस ली बाल्य अवस्थादेखि नै छटपटे स्वभावको थिए तर एक दिन उनका दौंतरीहरू मिली उनलाई नै बेस्सरी चुटे र त्यसै चुटाइको साटो लिन उनी कुंग-फु सिक्न लागे। उनी बिहान उठे देखि फुर्सद पाएसम्म कुंग-फु सिक्थे, कसरत गर्थे, दगुर्थे, अनि विभिन्न पोजहरू (action) लिएर लड़ाइ शुरु गर्ने तरिका सिक्थे। तर उनी खाने कुरामा सधैं होशियार रहन्थे। मदपान, धुम्रपान भने उनले कहिल्यै गरेनन्।

ब्रुस लीको बिट्टे एउटी कुंग फु जान्ने ठिटीसंग भएको थियो। उनी कलेजका साथी पनि थिइन्। उनको नाम थियो लिन्डा। ब्रुस लीको पिता ली-हो-चिचुन हङकङका एक सिनेमा नायक थिए। यसर्थ उनी सानै उमेरदेखि सिनेमामा खेल्न रुचाउँथे। उनले खेलेका सिनेमा मध्ये 'एन्टर द ड्रेगन', 'रिटन अफ द ड्रेगन', 'गेम अफ डेथ', 'फिस्ट अफ फ्यूरी', 'बिग बोस', मुख्यतः छन्।

ब्रुस ली कुंग-फु, जूडो, जु-जीत्सू सफलता-पूर्वक खेल्थे। उनले जीत-कोनो डो भन्ने नयाँ खेल शुरू गरे जसमा ब्कसिंग, कुश्ती, जुडो, ताइ-कुन-डो आदिको मिसावट छ तर त्यसलाई [खेल्न भने मेशिनको झैं वेग र चितुवा भन्दा चाँड़ो हुन पर्थ्यो। उनी सधैं चेलाहरूको चाल हेरेर नयाँ चाल निकाल्थे।

तर कालले कसै र कुनै मानिसलाई पखँदैन भने झैं १९ जुलाई १९७२ को दिन ब्रुस लीलाई फिल्ममा काम गर्दा गर्दै टाउको दुख्यो र बेट्टी नामकी एक अभिनेत्रीले उनलाई गोली दिएकी थिई। तर ब्रुस ली भने त्यस पछि सधैंका निम्ति

सुने । त्यस दिन थियो २० जुलाई १९७२ । उनको उमेर त्यस समय ३२ वर्षको थियो ।

ब्रुस लीको लाश अमेरिकाको सिटल भन्ने ठाउँमा दफनाइयो । जहाँ उनका पछि लाखौं लाख मानिसहरू थिए । त्यसभन्दा अघि उनको लाश हङकङमा पनि घुमाइएको थियो ।

ब्रुस ली एक क्षेत्रमा आधुनिक मानव शक्तिको शिखरमा पुगेका थिए । आजकल हामी उनको भक्तजन धेरै सङ्ख्यामा पाउन सक्छौं । उनको फोटो हेर्ने, किताहरूको संख्या दिनदिनै बढ्न लागेको छ । यस्ता महान युवा सपूतलाई हामी सबैको लाखौं सलाम छ ।

सन्दर्भः – (१) जीवनी किताब 'ब्रुस-ली' (२) चलचित्र (ब्रुस लीद्वारा भएको)

● ● ●

मेरो पाइला

सुधिर लामा
बाह्रौं श्रेणी 'विज्ञान-कला'

सुनसान शहरको गल्लीभरि
एकोहोरो म हिँड़िरहेछु
मेरो निम्ति यो शहर अन्जान
यहाँको गल्ली सड़क सबै अन्जान ।
हृदयमा भक्तिकएको पर्खाल बोकेर
आँखाभरि खहरे भेल रोकेर
हिँड़िरहेछु एकलै म मौन बनेर
भविष्यको स्वर्णीम सपना सोचेर
हिँड़नै पर्ने बाध्यता लिएर ।

मेरो विवशतामा यो गल्ली पनि
म माथि उपहास गर्छ
यहाँको हर परिस्थितिले मलाई
उपेक्षा गर्दै ठूलो अट्टाहास गर्छ
तरै पनि म हिँड़नै पर्छ यी
निर्दयी गल्लीहरूमा
टेकनै पर्छ यी पाइलाहरू मैले यो
उजाड़ र उराठ सड़कहरूमा
हिँड़नै पर्ने विवशताहरू बोकेर ।

भविष्यको सपना सजाएर
खुःशीको कामना राखेर
अनि म हिँड़िदिन्छु यी गल्लीहरूमा
स्वतः बोझिल पाइलाहरू बड़ाउदै
हिँड़िरहेछु ..... हिँड़िरहेछु ..... ।

१०

हाम्रो संस्कृति

पदम बराल
एघारौं श्रेणी 'कला'

एउटा जातिलाई अरू जातिबाट छुट्याउने मूल आधार संस्कृति हुन्छ। हाम्रो संस्कृति नेपाली संस्कृति हो र नेपाली जातिलाई अंग्रेजी, बंगाली अथवा पंजाबी जातिबाट छुट्याउन परे नेपालीहरू-को संस्कृतिलाई हेर्दा हुन्छ। हाम्रो संस्कृतिमा युगौंदेखि यस्ता धेरै विशेषताहरू कायम रहेका छन्, जुन विशेषताहरू अन्य जातिमा छैनन्। यिनै संस्कृति विशेषता-हरूको आधारमा हामी भन्न सक्छौं कि हामी अन्य जाति भन्दा भिन्नै छौं।

नेपाली जातिको संस्कृति अनादि कालदेखि संगालेर राखेको लोक गीत, नाच, लोक कथा, पहिरन, उखान, पूजा-आजा आदिबाट प्रकट हुन्छ। यिनै गीत, नाँच बाजा-गाजा पहिरनहरूले हामीलाई अन्य जातिबाट छुट्याएर राखेका छन्।

नेपाली संस्कृतिभित्र पर्ने लोक-गीत र नाँचमध्ये मादले, डम्फू, चुड़के, रसिया, मालसिरी, भजन, भैलेनी आदि मुख्य हुन्। त्यस्तै मुख्य बाजाहरूमा मादल, नौमती, खैंजड़ी, डम्फू, बाँसुरी, बिनायो, मुचुङ्गा, सारंगी, टुङ्ना र च्याब्रुङ इत्यादि हुन्। हाम्रो सबभन्दा लोक प्रिय नाँच हो मादले। यो नाँचमा मादले, मारुनी, ठटँवारे चाहिन्छ। मादले भावना मस्त भएर ताल र सुर दिन्छ, त्यही तालमा मारुनी नाँच्छे अनि ठटँवारेले त्यसलाई अझ चहकिलो पार्दै हसाउँछ। यो नाच समला, ख्याली, छोकड़ा आदि धेरै थरिको हुन्छ।

मादले पछि मुख्य नाँच डम्फू नाँच हो। यो तामङहरूको नाँच भए पनि अन्य जातिमा समेत खुबै प्रचलित छ। त्यसरी नै लेकाली भेड़ी गोठहरूमा गाइने टुङ्ना गीत, बिहेमा गाइने खेउली, कविता र सिलोक, धान रोप्दा गाइने असारे गीत र धान झार्दा नाँचिने धान नाँच, नानी सुताउन गाइने ल्होरी गीत र नाँचहरूमा नेपाली संस्कृति संगालिएको छ। नेपाली-हरूले ठिहिमाउने लेकदेखि लिएर रापिलो बेशोसम्मका खेत-बारीहरूमा गाउँदै-हाँस्दै बर्षाको झरिसंग रुँदै, ग्रीष्ममा तरर पसीना चुहाउँदै चिरकालदेखि आफ्नो संस्कृतिलाई बचाएर राखेका छन्।

लोक गीत र नाच बाहेक नेपालीहरूका आफ्नै लोक-कथा पनि छन्। यस्ता कथा-हरूमा मधुमालती, अबोला मैयाँ, सुनकेशरी रानी आदि मुख्य छन्। यी कथाहरू अलौकिक चमत्कारले पूर्ण उत्सुकता जगाउने र रमाइला हुन्छन्। यी कथाहरूले नानीहरू-लाई बड़ो छिटो आकर्षित गर्द छ।

नेपाली संस्कृतिको मुख्य अंग हाम्रो चाड़ पर्व हो। तीज, माघे संक्राति, गाईजात्रा, साउने संक्राति चाड़ पर्व हो तर सबभन्द मुख्य चाड़ नै दशैं र तिहार हो। त्यस्तै चाड़ पर्वलाई हेर्दा बुझ्दा हाम्रो संस्कृति नै कति महान् छ। त्यसरीनै हाम्रो बिहेको परम्परा वारान, सत्यनारायणको आदिमा हाम्रो संस्कृति झल्केको हुन्छ र हामीलाई अन्य जातिबाट

यस्तै संस्कृति विशेषताहरूले छुट्याउँछ । हाम्रो लुगा-फाटाको बनावट, पूजा-आजा गर्ने ढंग आदि पनि अन्य जातिको भन्दा भिन्नै किसिमको छ ।

तर दुःखलाग्दो कुरा छ, हामीले हाम्रो संस्कृतिलाई बिस्तारै भुल्न लागिरहेछौं । हामीले हाम्रो नाँच, गीत, बाजादेखि लिएर पूजा-आजा, लुगाफाटा, रहन-सहन, सबै लत्याइरहेछौं । देउसी र भैली खेल्दा सम्म गिटार र भाइलन बजाउनु पर्छ । यो दुःखलाग्दो कुरामात्र नभएर हाम्रो भविष्यको लागि डरलाग्दो पनि हो किन भने हामीले आफ्नो संस्कृति बिर्स्यौं भने पछि हामीलाई यो नेपाली जाति हो भनेर अरूले चिन्नसम्म सक्ने छैन । साड़ी र सुट लायौं, भाइलन पनि बजायौं, अंग्रेजी भाकामा गीत गाएर नाच्यौं, चाड़ पर्व नै मनाएनौं भने हामीलाई कसले नेपाली भन्छ ? यसर्थ हाम्रो व्यक्तित्व महान् पवित्र र हामीलाई चिनाउने संस्कृतिलाई हामी-सबैं जोगाएर राख्न सक्नु पर्छ ।

पर्खिरहें पर्खिबसें !

सुदर्शन गौतम
आठौं श्रेणी 'ख'

पर्खिबसें, पर्खिरहें
तिम्रो ज्योति तिम्रा किरण
भानु बनी हाँसिदियौ
जगाइदियौ मेरो जीवन
मधेसको धामदेखि
आसमको झरीसम्म
वर्माको जंगलदेखि
दार्जीलिङको हुस्सेसम्म
सिक्किम, भोटाङ, देहरादुन
डूवर्स, नेपाल चारैतिर
पर्खिबसें पर्खिरहें
तिम्रो ज्योति तिम्रा किरण
भानु बनी हाँसिदियौ
जगाइदियौ मेरो जीवन
औंसीको झो कालो रातमा
नेत्रहीन पथहारा
घुम-फिर गर्दै जीवन बित्दथ्यो
निरक्षर हामी सारा
भाग्य हाम्रो कति राम्रो
भानु तिमी जलल बल्यौ
साक्षरताको पूल्ठोलिई
हाम्रो धरती झल-मल पार्यौ
अक्षर जोड़ी भाषा गुत्थ्यौ
नेपालीको आशा बुझ्यौ
प्राण भन्दा प्यारा तिमी
धन्य भानु अमर रहयौ
पर्खिबसें पर्खिरहे
तिम्रो ज्योति तिम्रा किरण
भानुबनि हाँसीदियौ
जगाइदियौ मेरो जीवन ।

(१९८५ को भानु जयन्तीमा पठित अनि सान्त्वना पुरस्कार प्राप्त ।)

● ● ●

दुइ विश्व युद्ध पछि पनि

भीम चन्द्र सुब्बा
बाहौं श्रेणी 'कृषि'

शान्ति बन्दूकको नालबाट निस्कन्छ (Peace come from barrel of gun), माउत्सेतुङको यो भनाई बमोजिम नै विशौं शताब्दीको मध्यभागतिर प्रत्येक मान्छेले दुइवटा विभत्स महासमरहरू देखे। तीं महासमरहरूमा विश्वले प्रत्येक मान्छेले के के देख्यो अनि के के गुमायो सायद इतिहासले त के पशु प्राणी समेतले भुल्न सक्दैन। अब हामी विज्ञानको चमत्कार देख्दै यो विशौं शताब्दीलाई छोड़ेर एकाइसौं शताब्दीमा आइसकेका छौं।

हामीले यो बिशौं शताब्दीमा दुइ महासमरहरू देख्यौं पहिले महासमरमा क्विन्सी राइटको युद्ध माथि अध्ययनले बताए अनुसार एक करोड़ सिपाहीहरू मरेका थिए त्यस्तै गरी एक करोड़ नै साधारण नागरिकहरू मारिए अनि दुइ करोड़ मानिसहरू घाइते भए औ दुइ करोड़ मानिसहरू युद्धद्वारा अनेकौं फैलिएको रोग, महामारी र अनिकालले मरे। यदि शान्ति बन्दूकको नालबाट निस्कन्छ भने के त्यो पहिलो विश्व युद्ध पनि बन्दुकको नालबाट निस्केको बुलेटले नै शान्ति निस्क्यो त ? यदि शान्ति निस्कन्छ भने अब शान्ति हुनु पर्न, किन हुँदैन ? पहिलो विश्व युद्धमा क्विन्सी राइटको भनाई अनुसार आर्थिक क्षति तीन खरब अड़तीस अरब डलर भएको थियो। यी सबै शान्तिका निम्ति खर्च गरेको हो भने दोस्रो महासमर उन्नासौं उन्चालीसदेखि उन्नासौं पैंतालीस सम्म किन भयो ? आज विश्वमा विज्ञानले धेरै प्रगति गरिसकेका छन्। परिणाम स्वरूप दोस्रो विश्व युद्धमा आफ्ने दाज्यू-भाइ मारिएका देख्यौं, तरुणीमै विधवा भएका देख्यौं, आफ्ने चेलोको सिन्दुर पुछिएका देख्यौं। तो दुइ महासमरहरूले सोझै यो संसारलाई अग्नि कुण्डमा होमि दियो। तो सब बिशौं शताब्दीमा भएका विज्ञानका उपलब्धि होलान्। यस्तै गरी दोस्रो विश्व युद्धले हाम्रै आँखा अघाड़ि सत्र करोड़ दश लाख सैनिक दाज्यू-भाइ-हरू मारिएका देख्यौं भने चार करोड़ तीन लाख असैनिक दाज्यू-भाइ दिदी-बहिनी मारिए। सत्र करोड़ दश लाख सैनिक-हरूमा के हाम्रा दाज्यू-भाइ थिएन होला र ? यी सबै घटनाहरू हाम्रै आँखा अघाड़ि भएका थिए। तो सैनिकहरूका पत्नीहरू तरुणीमै विधवा भयो भनां कति आमा-बाबुले एउटै भएको छोरालाई त्यो विभत्स युद्धमा गुमाए होला। आजको एकाइसौं शताब्दीमा प्रत्येक मानव जाति-लाई त्राही-त्राही पारेका छन् तो सबै विज्ञानको उपलब्धिलाई वैज्ञानिकहरूले उल्टा ढंगमा प्रयोग गरेका हुन्। आज अमेरिकाले न्यूक्लियर बम बनायो भने भोलि रूसले हाइड्रोजन बम बनाउँछन्। एक देशले अर्को देशसँग विज्ञानका होड़बाजी लगाइ-रहेका छन् जस्तो परिणाम स्वरूप हाम्रो मृत्यु आफ्नै देशको आफ्नै आँगन अघाड़ि खड़ागरिदिएको छ जस्तो लाग्छ।

आज विश्वमा जति खाद्य उब्जन्छ त्यो भन्दा बेसी बम बारुदको थुप्रो हुँदैछ। सायद त्यो दिनमा भोको पिड़ित मानिसले त्यो बम, गोला-बारुद खान पर्ला।

वीर नेपाली

दिलकुमार सुब्बा
बाह्रौं श्रेणी-कृषि विज्ञान

हामी नेपाली, भाषा हाम्रो नेपाली
बोली हाम्रो नेपाली पोशाकै नेपाली
जातीय नेपालीको चरित्र हाम्रो नेपाली
रणभूमिमा जिर्ण-जिर्ण साहसी
छाती फुकाएर बढ्ने बीरबहादुर र मनबहादुर
गर्व गर्छौं तिमी नेपाली
वीरबहादुर र मनबहादुरको ।
तिमी वीर नेपालीको घोषणानै गर्छौं भने
तिम्रो छातीमा जातीय हतियार 'खुकुरी' को
आत्म कथा लुकेर बसेको छ भने
अस्तित्वको खोजीमा आवाज उठाउँछौ भने
तिम्रो घरमा जातीय पुस्तक
"रामायण" र 'महाभारत"को अजम्बरी वास छ भने
तिमीले आफ्नो जातीय पोशाक
"टोपी", "दौरा" र "सुरूवाल" लगाएर हिड्छौ भने
आफ्नो अस्तित्वको खोजी गर ।
तर.....
दौरा सुरूवाल र नेपाली टोपी लगाए
आज
"भानुभक्त" पो भनी उपाधि दिन्छन्
कसले ?
यी हाम्रा साथी-सँगी
"हुँ वीर नेपाली" भनी मजाक उड़ाउने नेपालीले ।
"हौं हामी वीर लड़ाकु नेपाली"
नारा लगाई चिच्वाई-चिच्वाई हिड़छौ भने
तिम्रो पेटमा तीन महीनासम्म भोकाएर

हैरान भएको आमा जुकाले आफ्नो अस्तित्वको निम्ति
"राक्स्या बगड़ा"को मांग गर्दै
नारा लगाई चिच्याइरहेको हुन्छ भने ।
तिम्रो घरमा भानुभक्त र देवकोटा जस्ता
नेपाली जगतका साहित्यिकहरूको तस्वीर
अँध्यारो कोठाको फोहोर कुनाको हावामा
ढुँडीको गन्धले भरिपूर
उनीहरूको तस्वीर फालिएको छ, च्यातिएको
अनि फोहोर हावामा निसासिएको छ
तर.....
तिमीले तिम्रो घरको भित्ता भरि-भरि टालेर
रड स्टीवर्ट, बोइ जर्ज, मेकल ज्याकशनको पोस्टर
ब्रेक डान्स्, डिस्को, क्लासिकल जस्ता डान्सहरू
आमा-बाबुले पसिना बहाएर संग्रह गरेको पैसा
आजको "टु-इन-वान"मा क्यासेट बजाएर
अरिमर्दै आफ्नो रिस अरूमाथि पोखाए झैं
उफ्रिने र पछारिने गर्दछन्
को ?
हामी नेपालीहरू
पेटलाई सरकारी ठहराएर
गाइनेको बज्ने सारांगी बनाएर ।
तिमीले आफ्नो जातीय पुस्तक
रामायण र महाभारतलाई फालेर
जानी नजानी "जेम्स् हेडली चेस"को नोवल
तिमीहरू बाँचिरहन्छौ भने
जातीय पुस्तक ठान्छौ भने
अब बन्द गर तिम्रो नारा
"हौं हामी वीर लड़ाकू नेपाली" ।
हे—नारा लगाई चिच्याउने नेपालीहरू हो
तिमीहरू आफ्नो देश र जातीयता हराइसक्यौ
यदि तिमीहरूमा देश र जातीयता छ भने
टुक्रे प्रश्नहरू तिमीहरू माथि

मनबहादुर, वीरबहादुर र धनबहादुर हौ
हौ तिमी नेपाली जगतका तारा
हौ तिमी समाज सेवक, गरीब अनि सारा
छ समाजको गर्ह्यौं उदारताको भारा
गर तिमी समाजको सेवा
अनि
पाउनेछौ तिमी सुनजड़ीत हारा
अनि ता बनौं तिमी जगत्का एक
उज्ज्वल ध्रुव तारा ।
अहो !.....
आफ्नो भाव पोखाउँदा-पोखाउँदै
पुगेछु म त अति टाढ़ा
जे होस्—
हामी नेपाली वीर हौं
मनबहादुर, बीरबहादुर र धनबहादुर ।

सबैलाई हतार !

प्रेम देवान
कक्षा 'विज्ञान'

यहाँ सबैलाई हतार छ ! अ ! साँच्चै नै हतार !! हतार बिना यहाँ कसैले केही भ्याउन सकिन्न ।

तिमी, तपाईं, सबैलाई नै हतार छ—नी ! अनि त यहाँ एउटा प्रतिक्रिया जन्मन्छ ।

म भोलि बिहानै कतै एक जग्गामा जानु छ चाँड़ै नै यति चाँड़ो कि कसैले पनि भेट्न नसकोस !

जब म हिँड़िदिन्छु, तर म भन्दा पनि अघि कुनि कुन चाहिँ हो ? त्यहि बाटो भएर हिंड़िदिएछ । कस्तो ! म भन्दा पनि छिटो ! को होला ?

उसलाई म स्यावासी टक्राउँछु ! उसले मैले भन्दा पनि हतार गर्न जान्दो-रहेछ !

हतार पनि किन गर्नु—होइन हतार गर्नुपर्छ, तर विश्वास नपरोस् !

मलाई कहीं जान परेको छ त्यसै र त मलाई हतार पर्छ । संसारमा काम कुरो भन्ने त्यतिनै हो ! जो कहिल्यै अन्त हुँदैन ।

काम गरिरहनै पर्छ, कतै घुम्न पर्छ, केहि न केहि गरिरहनै पर्छ; त्यसैले यहाँ सदैव हतार छ—सबैलाई ।

हतार कसरी हुन्छ-हुन्छ ?

कसो गरी पर्छ-पर्छ ?

त्यो काम आफैले नै गरिदिनै पर्छ, आफैले नै कतै पुगिदिनुपर्छ र त हतार परिहाल्छ ।

यस्तै हतारमा कहिले कहीँ आफैलाई पनि बिर्सिदिन्छ ! बिहानै हेर्नु—अँ, त मलाई पनि थाह छ, मलाई मात्र होइन सबैलाई नै थाहा छ ।

स्कूले विद्यार्थीहरूले "पेन्सिल" र मेटने रबर नै बिर्सिराख्छ—अरे ! च्वःच्वः गर्छ । विचरा ! गुरुबाहरूले—कलम नै बिर्सिदिन्छ ! स्कूल पुगेपछि जब गीजी छाम्छ लौ ! आज हतार परेको—यस्तो भयो !

ड्राइभरहरू—मालिकसित भेट नगरी गाड़ी हाँकेर नै जान्छ; हिजको हिसाब किताब नबुझाइ हुन्छ ।

ग्वालाले—दूध नाप्ने लिटर बिर्सन्छ घरैमा । त्यो दिन दूध ननापी लैजान्छ ।

बजारतिर जाने रत्नाको बाबुले आफ्नै भुत्ले टोपी बिर्सिदिन्छ हतारैले गर्दा—। बजार पुगेपछि जाड़ो हुन थाल्छ; अनि आफ्नो टोपी सझ्झ्छ ! अनि त आफै बकबकिन्छ !

अल्लरे युवक-युवतीहरूले मध्य वर्षाको मौसमतिरै छाता बिर्सने गर्छ ! होइन भन्ने सकिन्न !

हतारले गर्दा बबर्चीले साहेबको पस्किसकेको "करी" आफैले चाखि पठाउँछ ।

अल्से महोदयहरूले हतार परेपछि भात पो खाऊँ कि, लुगा लगाऊँ कि केश कोरू कि जुत्ताको लेश बाँधु कि खै के-के हो के-के !! एकक्षण ता खिल्लाराम हुन्छ । पेटी बाँध्दै घरबाट निस्कन्छ । स्त्री जातिलाई हो भने साड़ी भएन कि भनेर निहुरेर घरि घरि पछाड़ि हेर्छ !

हतार हुँदा एक-अर्कासित-परस्परमा राम्रो बात गर्ने फुर्सद पनि पाइन्दैन । किन हो । भनौ हतारको 'मेन सब्जेक्ट' मुख्य विषयको आकर्षण केन्द्र त्यही हुन्छ ।

"मैले यही गर्नु छ, त्यहीँ पुग्नु छ ।"

अँ त खोलाहरूलाई पनि हतारै छ ।

यसलाई पनि स...ल...ल...ल बगेर मुहानमा पुग्नु छ । मुहाननै यसको आकर्षण कार्य-कलाप अनि अन्त !

त्यसरी नै हाम्रो जीवन पनि खोला जस्तै न हो ? जसरी खोलालाई दोभान पुग्ने आकर्षण रहन्छ । उसरी नै हाम्रो जीवन पनि आज-भोलि गर्दै बित्दै अनि त, मरण हुन्छ । नचाहँदा-नचाहँदै पनि हामी एक दिन प्राणान्त हुन पर्छ । यदि भोलि नै आउँदैन या त भोलि नै रहँदैन भने—आजको महत्व किन रहन्थ्यो र ? मृत्यु नभएदेखि हाम्रो जन्मको अस्तित्व पनि रहने थिएन । हामी एक दिन मर्छौं र त जन्मिदिन्छौं । यहाँ अँध्यारो नै नभए बत्तीको साथै सूर्यको पनि कुनै महत्व रहँदैनथ्यो ।

यसरी नै जुनै पनि जे पनि—तिनीहरूको आफ्नो आफ्नै अस्तित्व-महत्व हुन्छ ।

र यसरी नै जम्मै कार्यक्रम हतारमा नै सिमित छ । यौवनमै मानिसहरू किन विवाह गर्छन् ?

एक दिन उ वृद्ध हुनपर्छ र त उसलाई यौवनमै विवाह गर्ने हतार पर्छ ।

संसारका समस्त परिवर्तनहरू हतारमै सीमित छन् । हतार बिना सूर्य पनि उदाएर पूर्व दिशामै रहिरहने थिए । तर किन त्यो पश्चिममा अस्त हुन्छ ।

त्यसलाई पनि हतारै छ ।

हतारमा नै जीवनको प्रत्येक अंश परिक्रमा भइरहन्छ, अँध्यारोलाई लखेट्छ उज्यालोले । उज्यालोलाई लखेट्छ अँध्यारोले ।

तर यहाँ हरेक बिहान जन्मन्छ हतार सँगसँगै ।

म नेपाली हुँ

प्रमोद क्षेत्री
बाह्रौं कक्षा 'कृषि'

आफ्नो संस्कृतिलाई भुलेर
अरूको संस्कृति पछ्याउने;
आफ्नो धरतीलाई भुलेर
अरूको धरतीलाई महान् संझिने;
म नेपाली हुँ ॥

पूर्वीय सभ्यतालाई बिर्सिदिएर
पाश्चात्य सभ्यतालाई रोक्ने;
पूर्खाहरूको अस्तित्वलाई संझेर
अन्धविश्वास भन्न खोज्ने;
म नेपाली हुँ ॥

आफूलाई गुलाबको फूल सम्झेर
अरूलाई काँढ़ा सम्झिने;
आफूलाई अघि बढ़ाउन चाहेर
अरूलाई बार लगाउने;
म नेपाली हुँ ॥

अरूको आत्मालाई रुवाएर
आफू महात्मा बन्न खोज्ने;
अरूको पसिना सुकाएर
आफू ठूलो बन्न सोच्ने;
म नेपाली हुँ ॥

आफ्नो धर्मलाई महान सम्झेर
अन्य धर्मलाई घृणा गर्ने;
आफूलाई बुद्धिमानी सम्झेर
अन्यलाई अज्ञानी भन्ने
म नेपाली हुँ ॥

जातीय पोशाकलाई लत्याएर
सुट, टाई मनपराउने;
जातीय धुनहरूलाई लत्याएर
गितार, बङ्गो मन पराउने;
म नेपाली हुँ ॥

समाज र बौद्धिकतासँगै जिन्दगी, परिभाषा अनि प्राप्ति

देवेन्द्र प्रधान
बाह्रौं श्रेणी 'विज्ञान'

समाज हामी आफैले बनाएको एउटा तगारो जसको घेरामा बाँच्न आज हामी नै निस्सासिएको अनुभव गर्छौं तर किन ? यहि किन (?) एउटा मूल प्रश्न हाम्रो निम्ति ! होइन यसो भनौं, विचारहरूका समष्टिबाट उज्जेको उपज समाज अनि त्यही उपज र निचोड़हरूका संग्रह–बौद्धिकता। यसैको भँगालोभित्र जिन्दगी संघर्षको परिभाषामा संघर्षित बन्दै एउटा प्राप्ति जन्मन्छ, त्यही प्राप्तिको निम्ति निर्धक्कसित अनुकूलावस्था समाजमा ल्याउनका निम्ति आफूलाई हराउन पर्छ संघर्षमा—त्यही संघर्षभित्र समाज बाँचेको हुन्छ । समाज प्रतिविम्बहरूले सृजित विम्ब हो । बौद्धिकतालाई स्वार्थको व्यापारसित तुलना गरिन्छ, नवीनताको सृष्टि पनि स्वार्थको ज्वारभाटासितै लहरिएको हुन्छ । समाज विश्रृंखलताको तगारोभित्र मुछिसकेको छ, डल्ला परिसकेको छ ।

समाज बौद्धिकताको शून्य पक्ष लिएर, व्यक्तिगत स्वार्थको विषयलाई निष्कर्ष बनाएर आजको कर्मक्षेत्रमा एउटा बहानाको प्रतिरूप लिएर, स्वच्छन्दवादीको निम्ति विषाक्त काँड़ा बनेर, बौद्धिकताके झूटो आख्यान लिएर किटाणुहरू बोकेको जसलाई उन्मूलन गराउनार्थ आह्वान गर्न सत्य र यथार्थ आवाजहरू, उद्घोषणाहरू सागरको प्रत्येक पानीको थोपासितै हराउँछ, यहाँ यस्तै विधि र नियमहरू मात्रै संलग्न छन्। भोलि शंकाको पात्र भएर अभिनयको दौड़ानको पछयौरी समातेर हिँड़िरहेछ—कहिल्यै नमेटिने तृष्णाको भ्रम, झूटो यथार्थ खोज्ने बहानाहरू । समाज बौद्धिकताको घेराभित्र रहेर पनि समाजको सामग्रीहरूलाई लिएर यथार्थको व्याख्या कहाँ गरिदिएको छ र ? साँगुरिएको क्षेत्रमा उच्च महत्वाकांक्षा र सिद्धान्तहरूका सामञ्जस्यता नै कहाँ अटन सकेको छ र ? बौद्धिकताको सम्बन्ध केवल मस्तिष्क र हृदयको समागमस्थलसित मात्र सम्बन्धित छ, बाहिरी आडम्बरका निशानाहरूसित होइन नभए त आजको नवीन आविष्कार भोलि मृत्यु र भ्रष्टाचारको कारण नबन्न पर्ने ? पुराना अति पुराना विचारहरूका पक्षलाई लिएर नयाँ किरणहरू पनि व्यर्थमा आडम्बरको प्रकाश छर्न बाध्य भइरहेका छन् — खिया परिसकेका सामाजिक विचार र धारणाहरूका फैलावटमा । बाँच्नु र मर्नुको व्यवधान हृदयको स्पन्दनमा निहित छ तब हृदयको स्पन्दनको आवाज र दौड़ किन नतौल्ने ? यसको प्रत्युत्तर—समाज आडम्बर प्रदर्शनको केन्द्र हो— ले दिन्छ । नयाँ विचार र नवीन सोधनीको जवाब नकारात्मक मात्र नभएर विरोधात्मक पनि हुन्छ, भइदिन्छ भने भोलिको समाजमा बाँच्ने विधि र रीतिहरू संग्रह बन्न शायद नसक्ला । बौद्धिकता कला, साहित्य, दर्शन, धर्म र राजनीतिको समन्वय हो । यी सबै विषयादिको नवीनीकरणले नै शायद बौद्धिकताको परिभाषा र यथार्थता दिन सक्ला। बौद्धिकतालाई जनसमक्ष प्रत्यक्षरूपले प्रकाशित गर्न क्यान्भास र कूची लिएर रंग पोती रेखा कोरेर देखाउन सकिन्न । समाजको

अन्धानुकरण र अहंको असन्तुष्टि अनि सस्तो महत्वाकांक्षा र यसको असमानताले बौद्धिकतालाई फस्टाउन दिदैन । नयाँ समाजको आवश्यकता छ जहाँ स्वच्छन्द र निस्वार्थ प्राणहरूले बास गरेको होस् । मान्छेको निजी स्वार्थ र निजी अधिकारले वर्त्तमान असमानता उब्जाएको छ, जहाँ बौद्धिकताको जगेरा हुन सकेको छैन । पृथ्वीको शुरू र अन्तको प्रश्न प्रश्न नै रहन्छ ।

जिन्दगी यही समाज र बौद्धिकताको असमानताभित्र बाँचेको बाहिरी खोस्टा मात्र हो । जिन्दगीको ठोस परिभाषा कसले दिन सकको छ र ? जिन्दगीको परिभाषा चोटै-चोट र घात-प्रतिघातको पीड़ा र क्रन्दनले लेख्न सकेको छ भने सुखै-सुखको काखमा बसेका जिन्दगीका मस्तिष्कीय मनोभावना र सोचाईहरूले पनि कोर्न नसकेको होइन, शायद जिन्दगीको ठोस परिभाषा यसरी पो दिन सकिन्छ कि — जिन्दगी, साहित्य, संगीत, धर्म, राजनीति र कलाहरूका निचोड़ जस्तो एउटा प्राप्ति । जिन्दगी संघर्षहरूका समष्टि हो, जहाँ संघर्ष गर्दा गर्दा अन्तमा एउटा प्राप्ति जन्मन्छ, जुन प्राप्तिले मान्छेलाई न सुख दिन सक्छ न त दुःख नै । भनौं मरुधारमा अल्झिएर पाईएको प्राप्तिले शून्यता मात्र बोकेको हुन्छ । जिन्दगीलाई सबै पक्षबाट खोज्दै लाँदा अन्तमा शून्यता सिवाय केही पाइन्दैन । अन्तमा यति मात्र भन्न सकिन्छ— आत्मा मात्र जिवित प्राणीको एउटै मात्र ठूलो उपलब्धि हो ।

संसारको परिधिभित्र बाँचेको समाजलाई बौद्धिकताको खाँचो पर्छ अनि यही समाजको बौद्धिकताहरूलाई बटुल्ने जिन्दगीहरूले प्राप्ति खोजी नै रहन्छ चाहे प्राप्ति शून्य नै किन नहोस्, जुन शून्यताबाट एउटा चोखो नयाँ अनुभव बटुल्न सकोस् । जिन्दगी जसरी पनि चलिरहन्छ, त्यसरी नै समाज अनि संसार पनि—चाहे भत्कन लागेको घरको छेवैबाट भूकम्प नै किन नजाओस् ।

साधारण-ज्ञान

[संकलन]

सुरेन्द्र कुमार थापा
दशौं श्रेणी 'ख'

१. इंगलिस चेनल तरेर पार गर्ने प्रथम भारतीय महिला कुमारी आरती शाह हुन् ।

२. "लियोपार्ट" भ्यागुताले उड़दै गरेको चरालाई उफ्रेर समात्न सक्छ ।

३. "वाटर-वग" भ्यागुता अठार महीनासम्म केही नखाई बाँच्नसक्छ ।

४. "एपिया-पेलुसिडा" माछाको आयु एक वर्षको हुन्छ ।

५. "युग्लीमा" एक मात्र यस्तो प्राणी हो जसले आफ्नो भोजन प्रकाश प्रतिक्रियाबाट बनाउँछ ।

६. न्युगाइनामा पाइने "हरक्युलिस पुतली" संसारमा पाइने पुतलीहरूमध्ये सबभन्दा ठूलो र सबैबन्दा छोटो आयुको हुन्छ ।
यो १४ इञ्च लामो हुन्छ र १४ दिन मात्र बाँच्छ ।
यो १४ दिनमा हावा बाहेक केही खाँदैन ।

७. "लिमिया बिट्टाटाट्टा" माछाले अण्डाको बदली बच्चा पैदा गर्छ ।
यसले एक पल्टमा २८२ वटा बच्चा दिन्छ ।

८. विश्वमा सबैभन्दा बढ़ी मोल पर्ने बस्तु रेडियम हो । यो एक पाउण्डको २८,०० ००,००० रूपियाँ पर्छ ।

९. सुमात्रा द्वीपको "स्याफलोसियो" फूल, नौ सेर ओजन भएको सबैभन्दा बृहत फूल हो ।

१०. ४७ वटा प्लाटफर्म भएको "न्युयोर्क"-को गाण्ड सेन्ट्रल संसारमा सबैभन्दा ठूलो रेल स्टेसन हो ।

११. म्याराथन दौड़मा सबैभन्दा चाँड़ो दगुर्ने व्यक्ति इंगल्याण्ड निवासी श्री जे० एच० पीटर्सलाई मानिएको छ ।
उहाँ घण्टामा ११ माईल दगुर्नुहुन्थ्यो ।

१२. अष्ट्रेलियाको एक किसिमको छुचुन्द्रोले फूल पार्छ औ आफ्नो बच्चालाई दूध पनि खुवाउँछे ।

१३. मानिसहरूले आविष्कार गरेकाहरूमध्ये भाषा सबैभन्दा अति आवश्यक औ मूल्यवान हो ।

१४. "मेरी क्युरी"—एक महिला वैज्ञानिकले दुइपल्ट नोबेल पुरस्कार ग्रहण गरिन् ।

१५. विश्वमा सेना नभएको राष्ट्र "कोस्टारिका" हो ।

१६. "लाइनेस मालिङ्ग"—एक पुरुष वैज्ञानिक जसले दुइपल्ट नोबेल पुरस्कार प्राप्त गरे ।

१७. एशियार्ड खेल (एशियन गेम्स) दुइपल्ट भन्दा अधिक थाइल्याण्डको राजधानी बैंकक-मा सन् १९६६, १९७०, १९७८ मा भएको थियो ।

१८. "शेली" (जन्म १७९२-मृत्यु १८२२) एक प्रसिद्ध ब्रिटिस कविको मृत्यु इटलीको नाउ (डुंगा) दुर्घटनामा भएको थियो ।

१९. विश्वको सबैभन्दा अल्गो गिर्जा जर्मनीको "अम्य" हो ।

२०. "रोनाल्ड रेगन" अमेरिकाको ४०औं राष्ट्रपति हुन् ।

२१. फुटबल एशोसिएसनलाई नियन्त्रणमा राख्ने अन्तर्राष्ट्रिय इन्टरनेशनल फेडरेसन अफ फुटबल एशोसिएसन संस्था हो ।

२२. डा० "लुइ पास्टर"—ले पगला कुकुरले टोकेको मानिसको चिकित्साको निंति इंजेक्सनको आविस्कार गरे ।

२३. "अपोसम" भिंगाको आँखा पुच्छरमा हुन्छ ।

२४. खेल विषय लिएर दौड़को इतिहासमा सबैभन्दा लामो दौड़ न्युर्योकदेखि लस-एञ्जलससम्म मानिएको छ, यो यूरी ३६१० माइल छ ।

२५. मिहिर सेन, इंगलिस च्यानल पौरेर पार गर्ने प्रथम भारतीय हुन् ।

छोरीको जन्म

पेम ग्यालपो शेर्पा
बाह्रौं श्रेणी 'कला'

हारेको कर्म छोरीको जन्म
नसम्झ तिमीले
चेलीको जन्म लिएर कर्म
पराय नै साक्षी छ
लौ छिटो चेली तयार होऊ
नौलो घर जानलाई
लौ चेली अब आई पुगे बरियात
दुइ डाँड़ा पारि छ
नौमति बाजा बजाई आज
लेजान्छन् तिमीलाई
पराई घरको बुहारी बनी
भविष्य साँच्नलाई
हुर्केकी चेली सुमाको प्यारमा
बडेको काखमा
चेलीको माया लिएर आमा
दिनेछिन् कन्यदान
चेलीको जन्म दिएर कर्म
लेखेको भावीले
छोरीको जन्म दुःखको कर्म
नसम्झ तिमाले

लौ चेली अब मण्डपमा आई
बसिदेऊ आजलाई
आँखाको आँशु चढ़ाइदेऊ अब
ब्रह्मा बिष्णुलाई
यसरी चेली सिउँदोको सिन्दूर
बिवाहको चिन्हलाई
न उड़ाई लाने न बिलाई जाने
भविष्य सम्मलाई
त्यसरी चेली भुलिदेऊ अब
बाल्यपनलाई
लौ चेली अब बिदाईदिन्छु
नौलो घर जानलाई
चेलीको जन्म लिएर कर्म
धरती नै पापी छ
बिबाहको चिनो सिउँदोको सिन्दूर
सदाको लागि साक्षी छ
हारेको कर्म छोरीको जन्म
नसम्झ तिमीले
छोरीको जन्म हारेको कर्म
लेखन भावीको !

काठमाण्डौंका केही दर्शनीय ठाउँहरू

सुनीलमान र सागरमान शाक्य
नवौं श्रेणी 'ग'

मच्छिन्द्रनाथ मन्दिर : यो मन्दिर काठमाण्डौंको बुङ्ग भन्ने गाउँमा छ । हरेक वर्ष भगवान मच्छिन्द्रनाथलाई रथमा हालेर जावलाखेल भन्ने ठाउँमा भोटो जात्रा गर्ने मानिसहरूले तानेर ल्याउँछन् र राजाले रथमाथिबाट भोटो (कालो लुगामा हीराले भरिएको) चारै दिशामा देखाउनु हुन्छ र सब नेपाली मानिसहरूले यो भगवानलाई भव्यसाथ भक्ति चढ़ाउँछन् । यो रथलाई मध्ययूगका नामी नेपाली कारीगढ़हरूले आकर्षित र सुन्दर "पगोडा" (Pagoda) को आकारमा बनाएको थियो ।

आकाश भैरव मन्दिर : तीन तल्ले आकर्षित मन्दिर जसमा भगवान आकाश भैरवको मूर्ति राखिएको छ जो मन्दिर काठमाण्डौंको बीच शहर, इन्द्रचोकमा छ ।

हनुमान ढोका : यो हनुमान ढोका 'दरवार स्कोयर, [Durbar Square] भन्ने ठाउँमा छ र एक समयमा मल्ल राजाहरूले राज गर्दा यहाँ भित्र बस्थ्यो र यो हनुमान ढोकाभित्र बहुमूल्य ढंगले खोपिएका मन्दिरहरू र उहिलेका मल्ल राजाहरूका राजदरवार छन् र यो हनुमान ढोका मल्ल राजाहरूले भगवान हनुमानको शालिग बनाई, उहाँको नाममा समर्पण गरेको छ।

कुमारी मन्दिर : दरवार स्कोयरको छेउमा भएको कुमारीको मन्दिर छ जहाँ कुमारी [Living Goddess] बस्नु हुन्छ ।

राष्ट्रीय संग्रहालय [National Museum]: यो संग्रहालयमा २००० वर्ष अगाड़िका, पुरानो युगका, मध्य युगका कला, ऐतिहासिक वस्तुहरूले नेपालको संस्कृति प्रदर्शित गरिएको छ र यो संग्रहालय छाउनी भन्ने ठाउँ जो स्वयम्भूको नजीकमा स्थित छ ।

स्वयम्भू स्थल : संसारको एक प्राचीन र सून्दर बुद्धिष्ट स्तूपा [Stupa] स्थित छ र स्वयम्भूमा बुद्ध भगवानको ठूलो मूर्ति छ साथ साथै अरू धेरै देव, देवताहरूपनि छन् । ती मध्ये मञ्जुश्री भगवान जो विद्या बुद्धिको देवी हुनुहुन्छ र स्वयम्भूमा हरेक सालमा मनाइने बुद्ध जयन्ती भव्य रूपका-साथ सबै नेपाली मानिसहरूले मनाउँछन् र देवी मञ्जुश्रीको मन्दिरमा वर्षमा एकपल्ट हुने माघ-पञ्चमी या सरस्वती पूजाको दिनमा सानो देखि लिएर ठूला मानिसहरूले देवीको दर्शन गर्न आउँछन् ।

बालाजु फूलबारी : यो फूलबारी बालाजुमा छ जहाँ नाना थरीका अति सुन्दर र आकर्षक फूलहरूले यो फूलबारी रंगिएको छ । यो फूलबारीमा सानो-सानो पोखरीमा विभिन्न प्रकारका माछा-हरूपनि पालिएका छन् । यो फूलबारीको छेउमा अलम्पिक [Olympic] साइजको स्वीमिङ्गपूल पनि स्थित छ र यो स्वीमिङ्गपूल गर्मीको महीनामा सबैको निम्ति खोलिन्छ । फूलबारीसंगै चौबिसे धाराहरू पनि छन् जहाँबाट पानी आएको छ ।

धरहरा : धरहरा भीमसेन स्तम्भ नामले प्रख्यात छ । यस भीमसेन स्तम्भ या धरहराको उचाई १६५ फीट छ र १८३२ सालमा यो स्तम्भ प्रधानमन्त्री भीमसेन थापाले स्थापित गरेका हुन् ।

नारायण हिटी दरबार : नारायण हिटी दरबार बर्तमान युगको नेपालको राजा श्री ५ महाराजधिराज बिरेन्द्र बिर बिक्रम शाह देव र मौसूफका जहान-परिवारको निवास स्थान हो र यो दरबार भित्र पनि चौबिसे घाराहरू छन् । नारायण हिटी दरबार, दरबार मार्गमा स्थित छ ।

पशुपतिनाथ मन्दिर : संसारमा हिन्दुहरूको एक विश्व प्रख्यात, प्राचीन, आदरनीय र पवित्र मन्दिर परमेश्वर शिवजीको निम्ति समर्पण गरिएको देवता स्थान हो । यहाँ हरेक वर्ष शिवरात्रीको दिनमा अनेकौं बिदेशी तथा नेपालीहरू भक्ति चढ़ाउन आउँछन् । यो मन्दिर काठमाण्डौंको पवित्र नदी बाग्मतीमा स्थित छ । यस मन्दिर भित्र प्रवेश गर्न बिदेशीहरूलाई मनाही छ र सबै हिन्दुहरूले आ-आफ्ना छालाका वस्तुहरू मन्दिर भित्र लानु निषेध गरिएको छ ।

गुह्येश्वरी मन्दिर : एक पवित्र मन्दिर, गुह्येश्वरी, जुन मन्दिर पार्वती देवीको निम्ति समर्पण गरिएको हो र यो मन्दिर भएर पवित्र नदी बाग्मती बगेर गएको छ ।

गोकर्ण वन : ठूलो र जंगली जनावरहरूको बहु जनसंख्यापूर्ण भएको यो गोकर्ण वन गोकर्ण ठाउँको छेउमा छ जसमा अनेक प्रकारका जीव-जन्तुहरूलाई पालिएर सुरक्षित राखिएको छ र यस वनमा हेर्न लायकका जनावरहरू बाघ, हरिण, मुजुर र वन बरिपरि डुल्न हात्तीहरूको बन्दोबस्त गरिएको छ ।

सुन्दरीजल : सुन्दरीजल छहराको [waterfalls] र प्राकृतिक दृश्यकोनिम्ति अति आकर्षित ठाउँ हो । एकैदिन भित्रमा यात्रा पूर्ण गर्न सक्ने सुन्दरीजलमा, मानिसहरू वनभोज [picnic], पवित्र पानीमा नुहाउनु र प्राकृतिक दृश्यहरू हेर्न जान्छन् ।

गोदावरी : अर्को वनभोज गर्ने ठाउँ, किसिम किसिमका फूलहरू हेर्न र किन्न जाने ठाउँ गोदावरी हो र यहाँ राजकीय फूलबारी छ जहाँ धेरै स-साना पानीका पोखरीहरू छन् र यस राजकीय फूलबारीको छेउ-छाउमा काठमाण्डौंको नामी गोदावरी स्कूल पनि छ ।

दक्षिणकाली : दक्षिणकाली पुग्न काठमाण्डौं शहरबाट एक घण्टा लाग्छ र दक्षिणकाली मन्दिर हिन्दुहरूको प्रख्यात मन्दिर हो जहाँ कुखुरा, बोका इत्यादिको बलिदान चढ़ाउँछन् । विशेष मंगलबार र शनिबारका दिनहरूमा मानिसहरू काली देवीलाई दर्शन गर्न जान्छन् र बन-भोज पनि मनाउन जान्छन् । नेपालको एक प्रख्यात त्रिभुवन विश्वविद्यालय दक्षिणकाली जाने बाटोमा पर्दछ ।

पाटनमा भएका रमाइला ठाउँहरू

दरबार स्कोयर : मध्ययुगका मल्ल राजाहरूको अर्को पुरानो दरबार र मन्दिरहरू र अरू धेरै सांस्कृतिक आकर्षणहरू पनि यस दरबारभित्र छन् र यो दरबार स्कोयर पाटनको मङ्गलबजारमा छ ।

कृष्ण मन्दिर : मङ्गलबजारमा भएको यो हिन्दुहरूको भगवान कृष्णको मन्दिर हो ।

अशोक स्तूप : यो स्तूपा भारतको महान् सम्राट अशोकाले चौथो शताब्दीको

राज्यकालमा बनाएको हो र यो अग्लो स्तूपा मङ्गलबजारमा स्थित छ ।

चिड़ियाखाना: काठमाण्डौंको जावलाखेलमा भएको यो चिड़ियाखाना भित्र नेपाल उपत्यकाबाट ल्याएका जंगली जनावर जस्तै बाघ, भालु, गोहीहरू, गैंड़ाहरू र अरू थुप्रै चरा-चुरुङ्गीहरू हेर्न लायकको ठाउँ छ । चिड़ियाखानाको छेउमा काठमाण्डौंको एक नामी स्कूल सेन्ट जेवियर स्कूल पनि छ ।

भक्तपुरका आकर्षण स्मारकहरू

दरबार स्क्वेयर : अर्को परम्पराको दरबारहरू र मन्दिरहरू पगोड़ा र सिकाराको बनाएको पाइन्छ र दरबार स्क्वेयरभित्र राजकीय दरबार छ जुन दरबारमा ५५ झ्यालहरू छन् यी झ्यालहरू उहिलेका नेपाली कारीगढ़हरूले अतिनै सुन्दर ढंगमा बनाएको हो र यी झ्यालहरू विश्वका अरू देशहरूमा पाइन्दैन जो झ्यालहरू विश्व प्रख्यातपनि छन् । यी ५५ झ्याल दरबार अठारौं शताब्दीमा याक्या [yakehya] मल्ल राजाले बनाएको हो ।

न्यातापोला : सन् १७०८ सालमा पगोडाको ढंगमा निर्माण गरिएको यो पाँच तल्ले मन्दिर न्यातापोला हो र जुन मन्दिर काठमाण्डौं उपत्यकाको सबभन्दा उच्चो मन्दिर हो ।

दत्तात्रेय : यो मन्दिर सन् १४२७ सालमा एउटै रुखबाट बनाएको हो ।

नार्गार्जुन : यो बुद्धिष्ट पगोडा काठमाण्डौं शहरदेखि उत्तर भेगको पहाड़को टुप्पोमा स्थित छ । नार्गजुनको बीच बाटोमा महारानीको व्यक्तिगत शिकार गर्ने जंगल छ । नार्गजुन जान बालाजु भएर जानु पर्दछ र बालाजुबाट नार्गजुनसम्म जान ३७ कि० मि० को बाटो छ । नार्गजुनको टुप्पो ७००० फिट उचाईमा छ । र यस टुप्पोमा एउटा सेतो बुद्धिष्ट स्तूपा, आराम गर्ने एउटा घर र काठमाण्डौं शहर र अन्य हिमालहरूहेर्ने टावर [Tower] पनि छन् । यस टावरबाट ठूलो घरहरा छुट्टै देखेर काठमाण्डौं शहरको एक सुन्दर दृश्य पनि देखिन्छ । काठमाण्डौंको दक्षिणपट्टि बाग्मती नदी र पाटन शहरको अति रमाइला ठाउँहरू देखिन्छन् । बिहानतिर आकाशमा बादल नभएको समयमा यस टावरबाट पूर्व पट्टिको, मनाशुल हिमाल र हिमालचूलीको एकदमै रमणीय दृश्यहरू देख्छ र अझै पूर्वपारि लाङ्गताङ्ग, जुंगला हिमालहरू पनि देख्छ ।

बूढ़ानिलकण्ठ : एक मुख्य हिन्दुहरूको चाखलाग्दो मन्दिर बूढ़ानिलकण्ठमा स्थित छ जहाँ भगवान बिष्णु सुतिरहेको [The Sleeping Bishnu] मूर्ति पानीको पोखरी माथि पाउँछौं । काठमाण्डौंबाट बूढ़ानिलकण्ठ पुग्न करीब-करीब १२ कि० मि० (km) लाग्छ । बूढ़ानिलकण्ठमा भगवान बिष्णुको मूर्ति पानीको पोखरीमाथि छ र सबभन्दा माथिल्लो भागको यो मूर्तिमा शेष नाग [साँपहरूको सबभन्दा ठूलो साँप] स्थित छ । यो भगवान बिष्णुको मूर्ति ठूलो र लामो ढुंगाले बनिएको छ र यो मूर्ति नेपाल अधिराज्यभरि सबभन्दा प्राचीन मूर्ति हो । यो मूर्ति अति नै सुन्दर ढंगमा बनिएको छ र मूर्तिको कला र कामहरूबाट हामीलाई एक सुन्दर झलक दिन्छ ।

यो मूर्ति उहिलेको लिच्छवी (Lichchavi) राजाहरूको राज्यकालमै प्रख्यात भएको थियो र गुप्ताहरूको हस्तलिपी (script) तद्अनुसार यो मूर्ति छैटौं शताब्दीमा निर्माण भएको हो र दन्त्यकथामा यी कुराहरू भनिएको छ कि यो मूर्ति भिमा गुप्ता जो अभीर (Avir) राजा थिए र उनी भगवानको चेला पनि थिए। यी अभीर राजाहरू र लिच्छवी राजाहरू आ-आपनामाझ संघर्ष भएको थियो। यो पनि भनिएको छ कि लिच्छवी राजाहरू र मल्ल राजाहरू दुवै भगवान शिवको चेलाहरू हुन् र यसैकारणले गर्दा यी दुइ राजाहरू त्यो सुतिरहेको मूर्ति कहिल्यै पनि दर्शन गर्न गएनन् र आज पनि राजाहरू त्यो सुतिरहेको मूर्ति हेर्न जाँदैनन्। अभीर राजाहरूको आँखामा पनि यो देखा पऱ्यो कि यो बूढ़ानिलकण्ठ अरूहरूका निम्ति दर्शन गर्न राम्रो होइन र यसैले गर्दा यिनीहरूले यो घोषित गऱ्यो कि राजाहरूले यो सुतिरहेको विष्णु भगवान हेर्न मनाही छ र आज पनि नेपाली राजाहरू त्यहाँ दर्शन गर्न जाँदैनन्। त्यहाँ धेरै दन्त्य कथाहरू छन् जुन मूर्तिको उपस्थिति कसरी भयो र कसरी यो मूर्तिको नाउँ बूढ़ानिलकण्ठ भयो। दन्त्यकथाहरूमा यो भनिएको छ कि यो मूर्ति प्राचीन कालमै बनिएको हो तर यस मूर्तिलाई भूकम्प, पानी र बाढ़ीले पुरि दिएको थियो, पछि जब त्यहाँ खेतीपाती गर्ने किसानहरूले आफ्नो जमीन या बाटो खनिरहेको बेलामा यो मूर्तिलाई फेरि फेला पाऱ्यो। अरू प्रख्यात दन्त्यकथाहरूमा यो पनि भनिएको छ कि यो मूर्ति अभीर राजाहरूले बनाएको हो। निलकण्ठको माने निलो घाँटी र यो दन्त्यकथामा भनिएको छ कि भगवान बिष्णुको घाँटी निलो थियो यसैकारणले गर्दा सायद यस मूर्तिको नाउँ निलकण्ठ राखिएको हो। बूढ़ानिलकण्ठमा अप्रिल/मई र अक्टोबर/नोभेम्बर महीनाको बीचमा यहाँ ठूलो मेला लाग्दछ र सब मानिसहरू यहाँ आई भगवान बिष्णुको दर्शण गर्दछन्।

यस मन्दिरको चउरको देब्रेपट्टि नेपालको नामी पाठशाला छन् जसको नाउँ बूढ़ानिलकण्ठ स्कूल हो।

दशरथ-रंगशाला : यो रङ्गशाला शहीद दशरथको नाममा निर्माण गरिएका हुन् र यो रङ्गशाला अति नै ठूलो छ जहाँ नेपाल भरिमा हुने विभिन्न प्रकारका खेलहरू, कार्यक्रमहरू प्रदर्शित गरिन्छ। अन्तराष्ट्रीय खेलहरू जस्तै— फुटबल, बक्सिङ, कराते, जूडो र अरू भित्री खेलहरू जस्तै— भलिबल, बास्केटबल, ब्याटमिन्टन र लन-टेनिस दशरथ रङ्गशालाको कबड़हलमा खेलाइन्छ।

रत्न पार्क: रत्न-पार्क काठमाण्डौं शहरको बिचमा पर्दछ जहाँ घरेलु यातायातहरू यही पार्कबाटनै संचालित गरिन्छ। यस पार्कमा ससाना पोखरीहरू छन् जहाँ विभिन्न रंगका माछाहरू पालिएका छन् र यस पार्कमा सानो फूलबारी पनि छ जो अति नै आकर्षित ढंगले सजिएका छन्। यो ठूलो पार्कमा सम्पूर्ण मानिसहरू आनन्द व्यक्त गर्न हुल्न आउँछन्।

घण्टाघर : घण्टाघर रत्न पार्कको छेउ-छाउमा पर्दछ र यो घण्टाघर अति नै अग्लो पनि छ। यस घण्टाघरले नेपालको

समय बताउँछ र यो घण्टाघर अति नै आलो भएको हुनाले यसलाई काठमाण्डौं विभिन्न शहरबाट यसलाई देख्न सकिन्छ । यो घण्टाघरको घड़ी जर्मनीबाट आयात गरेको हो र यसले नेपालको ठिक समय बताउँछ ।

यस घण्टाघरको छेउमा त्रिचन्द्र क्याम्पस पर्दछ । बागबजार भन्ने ठाउँमा पद्म कन्या क्याम्पस स्थित छ र यस क्याम्पसमा महिलाहरूलाई मात्र पढाइन्छ ।

शहीद-गेट : शहीद गेट काठमाण्डौंको भद्रकाली नामक ठाउँमा स्थापित छ । यो शहीद गेटमा राणा शासनमा मारिएका पाँच वीर नेपाली शहीदहरूको मूर्ति यो गेटमा बेग्ला-बेग्लै सजाएका छन् र यसलाई पनि हामीहरूले काठमाण्डौंको शहरबाट देख्न सकिन्छ । २००७ साल अगाड़ि नेपालमा राणाहरूले राज गर्दथे र राणा शासकहरूले नेपाली जनतालाई दमन गरिरहेको थियो । यसरी सम्पूर्ण नेपाली जनताहरूलाई थिचोमिचो गरिरहेको बेलामा यी वीर शहीदहरूले राणाहरूमाथि विरुद्ध गरे तर यो राणा शासकहरूले यी पाँच वीर शहीदहरूलाई फाँसी र गोली हानी मारियो र यस्तो वीरता जुन शहीदहरूले देखाए, त्यो अहिलेसम्म शहीदनै भइरहेको छ र हरेक वर्षमा नेपाली जनताहरूले शहीद दिवस मनाउँछन् र यी पाँच वीरहरूलाई फूलमालाहरू चढ़ाइन्छ ।

सिंहदरबार : नेपालको संसद "राष्ट्रीय पञ्चायत" यस सिंहदरबारभित्र स्थापित छ र यो सिंहदरबार काठमाण्डौंको पुतली सड़कमा पर्दछ । यस सिंहदरबारको बाहिरी र भित्री बनावट अति नै आकर्षित छ र यसको क्षेत्रफल पनि निकै नै ठूलो छ । यस सिंहदरबारभित्र राष्ट्रीय पञ्चायत बाहेक अरू ठूला-ठूला कार्यलयहरू पनि छन् । यस दरबारभित्र नै रेडियो नेपाल छ जहाँ नेपाली कार्यक्रमहरू प्रसारित गरिन्छ र यस दरबारभित्र विदेशी मन्त्रालयहरू पनि छन् । सिंहदरबारको मूल ढोकामा सिपाहीहरूले यस दरबारलाई प्रतिक्षा गरेका छन् ।

न्यूरोड : काठमाण्डौं शहरको मूख्य किनमेल गर्ने बजार न्यूरोडमा छन् र यस बजारमा नाना थरीका विदेशी सामानहरू बिक्री गरिन्छ । न्यूरोडमा एक आकर्षित ढंगले बनाएको ठूलो बजार छ जसको नाउँ 'सुपर मारकेट'ले काठमाण्डौं अधिराज्य भरि प्रख्यात छन् र यस बजारलाई विशाल बजार पनि भनिन्छ । न्यूरोडमा तरकारी बजारहरू पनि छन् जहाँ गाउँ बस्तीका किसानहरूले अनेक प्रकारका तरकारी यस बजारमा ल्याउँदछ ।

बौद्ध : यो बौद्धमा स्वयम्भूको भैं ठूलो स्तूपा छ जहाँ भगवान बुद्धदेखि लिएर अरू भगवानहरू पनि छन् । यहाँ लामाहरू सधैं बौद्ध भगवान दर्शन गर्न आउँछन् । हरेक साल बुद्ध जयन्तीको दिन नेपालका धर्मप्रेमीहरू भगवान बुद्धको दर्शन गर्न आउँछन् । यस स्तूपाको वरिपरि पवित्र धार्मिक चक्काहरू लगाएको छ जुन चक्काहरूमा भोटे अक्षरमा मंत्रहरू खोपेर लेखिएको छ । यस स्तूपाको छेउ-छाउमा लामाहरूको गुम्बाहरू पनि छन् ।

काठमाण्डौं बाहेक अरू रमणीय यात्राहरू

पोखरा : काठमाण्डौं बाहेक पोखरा पनि एउटा हेर्ने लायकको दृश्य छ। काठमाण्डौंबाट पोखरा २०० कि० मि० टाढ़ा छ र पोखरा गण्डकी अंचलमा पर्छ। पोखरा र काठमाण्डौंको बिचबाटामा मनोकामना भगवानको स्थान पर्दछ र मनोकामना भगवान स्थलमा प्रवेश गर्नु खैरेनी भन्ने ठाउँबाट जानु पर्छ। खैरेनीबाट मनोकामना पुग्न चार घण्टा लाग्छ र त्यहाँ गाड़ीहरू हिंड़ने बाटोको बन्दोबस्त छैन र त्यहाँ पुग्न हामीहरू झोलुङ्गे पुल र पहाड़का मोहिनी दृश्यहरू हेर्दै भगवान स्थलमा पुग्न पर्छ। यो भगवानको मन्दिर पहाड़को टुप्पोमा स्थित छ र यस टुप्पाबाट बिहान घाम उदाउने बेलामा त्यहाँबाट विभिन्न हिमालहरूका मोहिनी दृश्यहरू देखिन्छ साथ साथै गोरखा जाने बाटो र पूलहरू देखिन्छ जसको निर्माण अहिले पनि हुँदैछ। खैरेनीबाट ५-६ घण्टा पछि पोखरा पुगिन्छ। पोखरा पनि काठमाण्डौं झैं चौड़ा र फराकिलो छ जसमा पहाड़हरू, तालहरू, हरियाली वनहरू, नदीहरू, झरनाहरू र खेतहरूले ढाकिएको छ। पोखराबाट अन्नपूर्ण हिमाल र माछा पुच्छरे हिमालहरू देखिन्छ र यो माछा पुच्छरे हिमालको आकार माछाको पुच्छर झैं छ र यसैले यस हिमालको नाउँ माछा पुच्छरे भयो। पोखरामा धेरै तालहरू छन् र ती तालहरूले मत्स्यग्रहण र नौकाचलन र वनभोज पेश गर्छ। यो मोहिनी उपत्यकाले धेरै दिन हिंड़ाइको बाटो पेश गर्छ र यहाँ बाट नै विभिन्न हिमाल चढ़ने आरम्भ हुन्छ। तालहरूमध्ये पोखराको ठूलो ताल 'फेवाताल' हो जहाँ सानो डुंगाहरू राखिएको छ र धेरै मानिसहरू धेरै समयको थकाइ मेटाउन यहाँ आई आनन्द प्रकट गर्छ। पोखरा भित्र हेर्न लायकको ठाउँहरूमध्ये 'डेभिस फल' हो र दन्त्यकथा अनुसार हामी यो पाउँछौं कि यी फल या झरनामा एउटी यूरोपियन (European) केटी आफ्नो लोग्नेसित स्नान गरिरहेकी बेलामा माथि मैदानबाट तल सानो साँघुरो तेजिलो पानीको स्रोतले तिनलाई बगायो र यस महिलाको नाउँबाट 'डेभिस फल' राखियो र आजकल यो डेभिस फल हेर्नु बार लगाइएको छ। अर्को एउटा मोहिनी ठाउँ पोखरादेखि २ कि० मि० पर्ने महेन्द्र गुफा हो जहाँ चुनले बनिएका हिन्दू भगवानका रूपहरूको झलक आउँछ।

सम्पूर्णता

[अन्तराष्ट्रीय (नगर) युवा उत्सव, कालेबुङ्द्वारा आयोजित स्व-रचित कवितामा प्रथम पुरस्कार प्राप्त कविता]

—कर्ण बहादुर चामलिङ
दशौं श्रेणी

अपूर्ण आकांक्षाहरू
यसरी मस्किन्छन्—
कल्पनामा जीत खोजेर
भत्किएपछि झट्काउनलाई
शायद त्रसित भएपछि
त्रस्त निष्कर्षमा पुग्नलाई,
यहाँ आफ्नै होड़मा
बेस्सरी दौड़न्छन्,
लाज-पचाएर
जबर्जस्त बुझ पचाएर
कल्पित र अनौठो रहरहरू बोकेर
आफैलाई बेस्सरी हसाउँछन्—
संघर्षमा विजय प्राप्ति गरे झैं;
अब यसरी नै
सम्पूर्णता घटाउँछन्
अनि रित्तो आकांक्षाहरू बोक्छन्
पखाल माझ,
सीमित दौड़ानमा दौड़ाएर
शुष्क खित्का छाड़ेर
जर्बजस्ती माया जोड़ेर
मन्दिर र गुम्बालाई सक्दो ढोगेर
गिर्जामा बेस्सरी घुँड़ा टेकेर;
निष्कर्षमा सन्तोष पार्न
अब सधैं-सधैं
स्वच्छ हृदयमा रोएर
सम्पूर्णता रोज्न खोज्छन्
तर अपूर्व आकांक्षाहरू
बेस्सरी जम्जमाएर
लाम्टा तानेर मस्किन्छन्
आफैलाई ल्वाएर ॥

रचनाकाल : २७/९/१९८४

ठट्टै-ठट्टा

टेकेन्द्र गुरुङ
दशौं श्रेणी 'क'

मालिक—(नोकरलाई) ए गान्टे, तँ कुन काम गर्नमा सिपालु छस् भन त ?

गान्टे—मालिक, म एउटै काम गर्नमा सिपालु छु ।

मालिक—के काम भन त ?

गान्टे—तिजोरी सफा गर्नमा सिपालु छु, मालिक !

× × ×

बिमारी—डाक्टर साहब तपाईंलाई धेरै-धेरै धन्यवाद । तपाईंले मेरो प्राण बचाइदिनु भयो ।

डाक्टर—कहाँ मैले हो र ? ईश्वरले पो तिम्रो प्राण बचाइदिएको त ।

बिमारी—ए त्यसो हो भने मेरो लागेको फिस फर्काइदिनु होस् ।

× × ×

पति—(पत्नीसँग) अहिलेसम्म खाना पनि बनाको छैन, म बजारमै खान्छु, मलाई खाना नपकाउनू है ।

पत्नी—पाँच मिनट पर्खनु होस् न ।

पति—पाँच मिनटमा खाना तयार हुन्छ र ?

पत्नी—होइन म पनि तयार भएर तपाईंसँगै जान्छु नि ।

× × ×

ग्राहक—(हजमसँग) आच्चा ! के गरेको हो, केश मात्र काटिदेऊ भनेको त मासु पनि काटिदियौ त !

हजाम—किन सुर्ताउनु भएको ? मासु काटेको त पैसा लिन्न नि ।

× × ×

भिखारी—बाबुजी मलाई मिठाई दिनुहोस् न अलिकति ।

बाबुजी—किन रोटी हुँदैन र ?

भिखारी—होइन आज मेरो बर्थ-डे हो नि त ।

× × ×

गुरु—श्याम तिमी छुट्टीमा घर गयौ ?

श्याम—गएँ गुरु, तर.....!

गुरु— के तर ?

श्याम—घर जाँदा घरै भेटिन, कहाँ गएछ कहाँ, घर त ।

गुरु—कसरी घर भेटेनौ ?

श्याम—अघुइ गुरु पनि उल्टा बोल्नु हुन्छ ।

गुरु—कसरी मैले उल्टा बोलें र ?

श्याम—तपाईंले नै त भूगोलमा भन्नु भएको—पृथ्वी सधैं घुमिरहन्छ भनेर । त्यसै कारण मैले घर भेटिन ।

× × ×

पत्नी—यो संसारमा सबै चोरै-चोर भइसक्यो ।

पति—अरे के भयो र ?

पत्नी—हिज हाटमा मलाई एउटा मिठाईवालाले गिल्टीको अठन्नी दियो ।

पति—कहाँ छ त्यो अठन्नी ?

पत्नी—त्यो त मैले सब्जीवालालाई दिएर सब्जी ल्याइहालें नि ।

× × ×

दूधवाला—यो महीनादेखि दूधको भाव प्रति लिटरमा पचास पैसा थपेर दिनू है ।

ग्राहक—किन पचास पैसा थपेर दिनु ?

दूधवाला—किनकि म्युनिसिप्यालिटीले कलमा पानीको टेक्स बढ़ाइदिएको छ ।

× × ×

प्रोफेसर—तिमीलाई कति सम्झाउनू ! मेरो दाह्री काट्ने 'रेजर'-ले तिम्रो 'आइलिड'-को पेन्सल नतिखार भनेर ।

स्वास्नी—सत्र चोटी भनिसकें तपाईंलाई, मेरो 'लिपस्टीक'-ले कालेजका केटा-केटीहरूको खाता नकाट्नोस् भनेर !

× × ×

छोरा—(भूगोल पढ्दा-पढ्दै हत्तारिएर) बाबु, 'अलास्का' कहाँ छ ?

बाबु—"हेर छोरा म त कामबाट लखतरान भएर घर फर्केको, तेरै आमालाई सोध कहिँ राखेकी होली ।"

× × ×

ज्योतिषी—के तिमी आफ्ना पतिको भविष्य जान्न चाहन्छौ ?

महिला—उनको भविष्य त मेरै हातमा छ, अतीत मात्र जान्न चाहन्छु ।

× × ×

नेपाली साहित्य सम्मेलनको स्वर्ण जयन्तीको उपलक्ष्यमा नेपालबाट पण्डित (गु०)भरणीधर कोइराला दार्जीलिङ आउनु भएका थिए । स्वर्ण जयन्तीमा कवि गोष्ठीको पनि आयोजन गरिएको थियो । गोष्ठीमा वृद्ध कोइरालाज्यूले पनि भाग लिई मंचबाट दर्शकहरूलाई भन्नु भयो, "म बसेर नै तपाईंहरूलाई कविता सुनाउँछु ।"

भीड़बाट आवाज आयो—"तपाईं बसे पनि कविता चाहिँ उठेको हुनुपर्छ ।"

× × ×

छिमेक—"मुखिया बाबु, तपाईंको छोराले ढुंगा हानेर मेरो घरको झ्यालको ऐना नै फुटाइदियो ।"

मुखिया—(मलिन भएर) "ओ ! त्यसलाई त पगला भने पनि हुन्छ, त्यो पगलाको उपद्रवमाथि किन रिसाउँछौ ।"

छिमेक—'त्यसरी पगला भएर अर्काको झ्यालको ऐना फुटाइहिँड़छ भने किन आफ्नो घरको ऐना चाहिँ फुटाउँदैन ?"

मुखिया -"धत् त्यति साह्रो पगला त कहाँ भएको छ र ।"

× × ×

गुरु—(मौखिक हिसाब सोद्धै) "ए बिनोद, यदि पचास व्यक्तिको निम्ति एक छाकमा सात किलो दाल पकाउनुपर्छ भने--पैंसठ व्यक्तिको निम्ति कति दाल पकाउनुपर्छ ?"

बिनोद—त्यतिले नै पुग्छ सर, तर अलिक पानी थप्नुपर्छ ।

× × ×

बाबु—(रिसाउँदै उठेर) काले तँलाई त म देब्रे आँखाको त्यो कुनाले पनि हेर्न सक्तिनँ ।

काले—बाबु, तपाईंको देब्रे आँखाको त्यो कुना कमजोर रहेछ, भट्टै जाँच नगराए झन बिग्रन्छ है !

× × ×

महेन्द्र थापा
दशौं श्रेणी 'ख'

एक दिन एक झुण्ड अल्लारेहरू राती घुमेर आइरहेको थियो । त्यसै माझबाट एक-जना केटाले समय सोध्यो तर त्यस समयमा तिनीहरू कसैको हातमा घड़ी थिएन । अर्को साथीले 'पर्खि है" भनेर एउटा ठूलो ढुंगा टिप्यो र छेवैको घरको छप्परमा हानि-पठायो । त्यत्ति नै बेला त्यस घरको आइमाई बत्ती लिएर बाहिर आई कराउन थाली—कुन चाहिँ भुतियाहरू रातको साढ़े एक बजिसक्यो र पनि सुत्न दिँदैनस् !

× × ×

सानो काखको नानीलाई जाँच गरिसकेपछि डाक्टरले भन्यो—यो नानीको जरो साह्रै बेसी भएको छ, सायद भित्र निमोनिया भएको होला ।

नानीकी आमा—डाक्टर बाबु, अब कसो गरे निको हुन्छ होला ?

डाक्टर—अब साह्रो आत्तिने काम छैन, मैले नर्सलाई दवाई दिनू भनिदिएको छु। यही दवाई लगेर दिनमा तीन चमेच गरेर खुवाउनू।

नानीकी आमा—तर डाक्टर बाबु हाम्रो घरमा त एउटै मात्र चमेच छ।

× × ×

एकदिन गर्मीको समयमा म घरमा बसिरहेको थिएँ। त्यसै बेला मेरो सानो भाइ आएर मलाई भन्यो—"प्लिज कम हियर।"

म छक्क परेर भनें—तैंले अंग्रेजी त राम्रो सिकेछस्, अँ यदि मलाई बाहिर जाऊ भन्दा के भन्छस् ?

भाइ एकछिन सोचेर—म दैलोको बाहिर बस्छु अनि भन्छु, "प्लिज कम हियर।"

× × ×

(संकलन)

महान मानिसको महान वाणी

सुरेन्द्र कुमार थापा
दशौं श्रेणी 'ख'

ज्ञानको पहिलो काम असत्य जान्नु हो, दोस्रो सत्यलाई चिन्नु। —लेकर्टे टियर्स।

यदि तिमी अजम्बरी हुन चाहन्छौ भने तिमीले सर्वप्रथम सर्वस्व—दान गर्नु पर्छ। अनि त्यो —तिमीमा स्वयं आउँछ। —रामतीर्थ।

यदि कुनै दुर्बल मानिसले तिम्रो अपमान गर्छ भने उसलाई क्षमा गर। तर यदि अपमान गर्ने मानिस बलवान छ भने उसलाई अवश्यै दण्ड देऊ। —गोविन्दसिंह।

आजको पुरुषार्थ भोलि भाग्य हो। —पालीशदर।

नवजात शिशु नै ठूलो भएर विश्व-विजेता बन्दछ। —एडिसन।

स्वतन्त्र राष्ट्रको अनन्त यौवन हो। —महात्मा गाँधी।

संसारमा केही पनि पूर्ण छैन, परिस्थितिहरुबाट हामीले शिक्षा लिनु पर्छ। —लेनिन।

आत्मविश्वास नै जीवनको शक्ति हो। —टालस्टाय।

उठ, जाग अनि आफूले चिताएको प्राप्त गर। —'कठोपनिषद्'।

चिन्ताले जीवनलाई र चिताले मृतकलाई समाप्त गर्छ। —रामतीर्थ।

नीरोग रहनुभन्दा ठूलो लाभ अरू केही छैन;
सन्तुष्ट हुनु जस्तो ठूलो धन अरू केही छैन;
विश्वासिलो मानिस जस्तो ठूलो मित्र अर्को छैन;
निर्वाण जस्तो ठूलो सुख अरू कुनै छैन। —पेसमादी कोशलराज "धम्मपद"।

विद्वानहरू शान्तिका पुजारी हुन्छन्—तिनीहरूका साथमा हात-हतियार हुँदैनन्, तर तिनीहरूका जिब्रा तरवारभन्दा धारिला हुन्छन्; तिनीहरूका कलमको गर्जन मेघको गर्जनभन्दा भयानक हुन्छ। म ड्रेगनदेखि डराउन्न तर निर्दयी कलमसित भने डराउँछु।

—सर थोमस ब्राउन।

कर्त्तव्यरूपी वृक्षमा नै अधिकाररूपी फल लाग्छ। —पाइथागोरस।

जीवन एउटा फूल हो र प्रेम त्यसको सौरभ। —विक्टर ह्युगो।

महा दुःखमा आत्मालाई महान बनाउने शक्ति हुन्छ। —महामानव।

महान व्यक्तिहरूले जो चीज खोज्दछन् त्यो आफूमै प्राप्त गर्छन् जब कि साधारण मानिस अर्काको आशा लगाउछन्।

—महात्मा कन्फ्यूसेस।

भाषा भनेको विचार, भाव, शब्दको आन्तरिक स्पष्टीकरण या प्रकाशनको तथा अभिबोधनको शाब्दिक या शब्द सांकेतिक मानव माध्यम हो।

—देवकोटा।

झुक्ने मानिससित डराउनु पर्छ उ केही टिपेर ठाड़ो भएको हुन्छ। बालकृष्ण सम।

प्रेम गर्दै नगर्नु भन्दा प्रेम गरेर गुमाउनुमा गहिराइ छ। —टेनिस।

अनुभव कल्पनाको आधार हो। कल्पना अनुभवको सार हो यानी अनुभव र कल्पना मक्खन हो।

—भीमनिधि तिवारी।

"उकालो चढ़ेको मान्छे ओह्रालो झर्छ भने त्यो बाटोको दोष होइन मान्छेको दोष"।

—देवकोटा।

मानिस नाउँको जन्तुलाई एउटा स्वतन्त्रता पनि चाहिन्छ जसको चर्चा कहिल्यै हुँदैन र त्यो हो हस्तक्षेपबाट मुक्ति। उसलाई अलि कति अन्तरंग जीवनको त्यत्ति नै आवश्यक्ता हुन्छ जति भिटामिन, व्यायाम वा प्रशंसाको।

—फिलिस म्याक गिनली।

यो प्राण देवताहरूको आत्मा हो, प्रजाहरूको उत्पादक हो। हिरण्यमय उसका दाँत छन्, जुन कहिल्यै खराब हुँदैनन्। यो भक्षक छ, प्रेरक छ, यसको महिमा महान् छ, यही अन्न खान्छ, तर यसलाई कसैले खाँदैन।

—छान्दोग्योपनिषद।

विद्वानहरू शान्तिका पुजारी हुन्छन्—तिनीहरूका साथमा हात-हतियार हुँदैनन्, तर तिनीहरूका जिब्रा तरवारभन्दा धारिला हुन्छन्; तिनीहरूका कलमको गर्जन मेघको गर्जनभन्दा भयानक हुन्छ। म ड्रेगनदेखि डराउन तर निर्दयी कलमसित भने डराउँछु।

—सर थोमस ब्राउन।

कर्तव्यरूपी वृक्षमा नै अधिकाररूपी फल लाग्छ। पाइथागोरस।

जीवन एउटा फूल हो र प्रेम त्यसको सौरभ। —विक्टर ह्युगो।

महा दुःखमा आत्मालाई महान बनाउने शक्ति हुन्छ। —महामानव।

महान व्यक्तिहरूले जो चीज खोज्दछन् त्यो आफूमै प्राप्त गर्छन् जब कि साधारण मानिस अर्काको आशा लगाउछन्।

—महात्मा कन्फ्यूसेस।

भाषा भनेको विचार, भाव, शब्दको आन्तरिक स्पष्टीकरण या प्रकाशनको तथा अभिबोधनको शाब्दिक या शब्द सांकेतिक मानव माध्यम हो।

—देवकोटा।

भुक्ने मानिससित डराउनु पर्छ उ केही टिपेर ठाड़ो भएको हुन्छ। बालकृष्ण सम।

प्रेम गर्दै नगर्नु भन्दा प्रेम गरेर गुमाउनुमा गहिराइ छ। —टेनिस।

अनुभव कल्पनाको आधार हो। कल्पना अनुभवको सार हो यानी अनुभव र कल्पना मक्खन हो।

—भीमनिधि तिवारी।

"उकालो चढ़ेको मान्छे ओह्रालो झर्छ भने त्यो बाटोको दोष होइन मान्छेको दोष"।

—देवकोटा।

मानिस नाउँको जन्तुलाई एउटा स्वतन्त्रता पनि चाहिन्छ जसको चर्चा कहिल्यै हुँदैन र त्यो हो हस्तक्षेपबाट मुक्ति। उसलाई अलि कति अन्तरंग जीवनको त्यत्ति नै आवश्यक्ता हुन्छ जति भिटामिन, व्यायाम वा प्रशंसाको।

—फिलिस म्याक गिनली।

यो प्राण देवताहरूको आत्मा हो, प्रजाहरूको उत्पादक हो। हिरण्यमय उसका दाँत छन्, जुन कहिल्यै खराब हुँदैनन्। यो भक्षक छ, प्रेरक छ, यसको महिमा महान् छ, यही अन्न खान्छ, तर यसलाई कसैले खाँदैन।

—छान्दोग्योपनिषद।

जब मानव-हृदय शक्तिले स्वार्थ र प्रेरणा उपर विजय पाउँछ तब मानव जीवन कृतार्थ हुन्छ ।

—भगवान बुद्ध ।

अज्ञान ईश्वरको श्राप हो, ज्ञान त्यो पखेटा हो जसद्वारा हामो स्वर्गतिर उड्न सक्छौं ।

—शेक्सपियर ।

भाषा छ यो कल्पलता समान, साहित्य हो उज्ज्वल पुष्प ज्ञान ।
जो गर्छ त्यस्ले मतिको विकास, स्वर्गीय त्यै हो फुलको सुवास ॥ —लेखनाथ ।

× × ×

प्रमोद छेत्री
बाह्रौं श्रेणी 'कृषि'

"शब्दहरू तब चम्कन्छन् जब कविले आफ्नो बिजुलीदार हातले यिनलाई छोइदिन्छन्" ।

—जाउवर्ट ।

"जसको आफ्नो राय हुँदैन, जो अरूको राय र रुचिमा निर्भर गर्दछ त्यो दास हो" ।

—अज्ञात ।

"विश्वमा एउटा कुराको ठूलो अभाव छ जो अत्यन्त महत्वपूर्ण छ; जो खास योग्यता भन्दा ज्यादै कम मात्रामा पाइन्छ—त्यो हो योग्यतालाई चिन्ने "योग्यता" ।

—एलवर्ट ।

"कसैलाई पनि तिरस्कार गर्नु र नीच संझनु एक प्रकारको मानसिक रोग हो ।"

—अमुउस्मान ।

"मनुष्य मृत्युदेखि त्यसरी नै डराउँछ, जसरी अँध्यारोमा जान बालक डराउँछ ।"

—बेकन ।

"छोटो कथा एउटा सानो झ्याल हो, जहाँबाट एउटा सानो संसार चियाइन्छ" ।

—देवकोटा ।

मलाई आदर्श आमाहरू देऊ र म तिमीलाई असल राष्ट्रहरू प्रदान गर्नेछु ।

—नेपोलियन ।

● ● ●

मैले संसारलाई बुझेकै छैन

भूपाल राई (देवान)
एघारौं श्रेणी 'कला'

मैले यो पवित्र भूमिमा जन्मलिएको
दीर्घ अवस्था भई सक्यो
तर मैले संसारलाई बुझेकै छैन ।
परिस्थितिसित बाझिएर हिँड्न खोजेको पनि होइन ?
घेरै, धेरैको समिश्रणले बनिएको यो संसार
अझै कतिको समिश्रण हुन बाँकी नै छ ।
हाँसको बथानमा एउटा बकुलो अस्तो
संसारदेखि अलगिएर भड्किन खोजेको होइन,
यहाँ मपाईको हार लगाएर आफै फुर्किन्छन्
बुद्धदेवको रूप धारणगरी संन्यास लिन खोज्नेहरू,
अलुवा, बगड़ाको भाव सुनी तर्सनेहरू.....?
परिवार-नियोजनको उलंघनगरी
छिचिमिरासरि बालबच्चाहरू चुलैभरि !
संसारले थामीनसक्नुका यी सिसे-मुसेहरू ?
प्रधान मन्त्रीका होश लानेहरू.....!
जोत्ने किरासरी छ स्याउँ-स्याउँ !
अझै मैले संसारलाई बुझ्न नै सकेको छुइन ?
भारिमाथि सुपारी भने झैं—
हातमा डिग्रीलिएर मनमा फिक्री भिरेर
सरकारलाई अर्कै लण्ठा भिराउने कम छैन !
एटम, अणुबमले प्रगति गर्नेहरू पनि कम छैन
तर कंकाल देशको हाड़ चुस्न मात्र जान्दछ
अमिर नाँच्दछ होटल रेस्टुरेण्टमा
अनि, गरीब नाँच्दछ चियाका बुटा र हलो जुवामा
अनि त मैले संसारलाई बुझेकै छैन ।

✪ ✪ ✪

नेपाली साहित्यमा देवकोटा

सुरेश लावर
बाह्रौं श्रेणी 'विज्ञान'

महाकवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यको एक अग्रगण्य प्रतिभा हुन् । उनको जन्म वि० सं० १९६५, कार्तिक अमावस्याको दिन दिल्लीबजार, काठमाण्डौंको एक साधारण ब्राह्मण परिवारमा भएको थियो । उनको पिता तिलमाधव देवकोटा कवि र संगीत प्रेमी थिए । शायद पिताकै प्रतिभाको प्रत्यन प्रभाव थिए 'देवकोटा' । पिताकै प्रेरणाबाट उनी कवि भए, महाकवि भए भन्नमा केहि अत्युक्ति नहोला । साथै उनी प्रणयपत्र लेखन निपुण थिए, उनले गाउँ-घरकी महिलाहरूको प्रणय-पत्र लेखिदिन्थे । यसरी उनको बाल्य हृदयमा भावनाको सुरेली देखा पऱ्यो ।

देवकोटाले पटना विश्वविद्यालयबाट बी० ए० बी० एल० उतीर्ण गरी एम० ए० को प्रथम वर्षको अध्यण सिध्याएका थिए तर कतिवटा परिस्थितिहरूले गर्दा पुरा गर्न सकेनन् । यसरी शिक्षा-क्षेत्रबाट टाढिए पछि उनले वि० स० २००१ सालमा "नेपाली भाषा प्रकाशिनी समिति"-मा पुस्तक लेख्ने काम गरे । मातृभाषा-प्रेमी भएको हुनाले वि० स० २००२ मा त्रिचन्द्र कलेजमा 'नेपाली साहित्य'का प्राध्यापक बने । त्यस समय नेपालमा चारैतिर राणाहरूको अत्याचार फैलिसकेको थियो । देवकोटाले ती अत्याचारहरू सहन सकेनन्, राणाहरूको विरोधी बने—फलस्वरूप वि० स० २००४ मा उनले आफ्नो मातृभूमि त्याग्न पऱ्यो । छाती भरी देशप्रतिको त्याग र गह भरी आँशु लिएर उनी बणारस पुगे । बणारसमा पनि देवकाटा त्यसै बसेनन् —विदेशिएको नेपालीहरूको सहायता लिई 'नेपाली राष्ट्रीय काँग्रेस'लाई साथ दिए । त्यस बेला कुनै पनि नेपालीहरूले नेपालभित्र राणा शासन विरोधी कुनै पनि संस्था, संगठन खोलने अधिकार थिएन । जसले राणा विरोधी कुनै कदम अघि सार्थे, उनीहरूले कठोर सजाय पाउँथे । उनले काशीबाट निक्लने 'युगवाणी' पत्रिकाको सम्पादन गरे । यसरी विभिन्न पत्र पत्रिकाबाट उनले आफ्नो गहकिलो लेख जनसमुह पेश गरे । जहाँ थुप्रै थुप्रै देशप्रतिको त्याग र नेपाल आमाप्रतिको ममता पाइन्थ्यो । यसरी देवकोटा कार्यपथमा तल्लीन भई रहेको बेला वि० स० २००६ मा उनको एउटै प्रणय-पुत्रको देहान्त भयो । देवकोटालाई बणारस छोड्न कर लाग्यो—हृदय भरी पुत्र वियोगको कारुणिक व्यथा बोकेर फेरि उनी नेपाल फर्के ।

वि० स० २००७ सालमा नेपाल, राणाहरूको शासनबाट मुक्त भयो । तरै पनि कति दुःखको कुरो – नेपालले स्वतन्त्र पाएरै पनि देवकोटामा स्वतन्त्रता आएन, उनी सदा वेदनाको सांग्लोबद्ध थिए । उनले प्रतिदिन आर्थिक संकटको सामना गरिरहन पऱ्यो । "भारी माथि सुपारी" भने झैं उनको वेदनापूर्ण जीवनमा आफ्नो एउटै प्रणय पुत्र टाढ़िन्दा, उनको निस्ति संसारै उजाड़ हुनु स्वाभाविक नै थियो । देवकोटाले दिन, सप्ताह, मास सिगरेटको धूँवामा रिमोलिएर बिताउन थाले । परन्तु साहित्यप्रति उनको कत्रो त्याग ? कत्रो बिश्वास ? साहित्य सेवालाई उनले कहिले बिर्सेनन् । उनले आफ्नो पेट एवं आफू

जस्तै कतिवटा पेटहरू ट्यूशन पढाउने कार्यसित साट्दै आएका थिए । उनी सांसारिक दौलतमा अति नै गरीब थिए किन्तु मनको अति कल्पनाको धनी थिए । उनको जीवनमा सरस्वतीको दान थियो परन्तु लक्ष्मी सदा टाढ़ा भाग्दथिइन् । देवकोटाले प्रायः दिन वेदनाको गहिराईमा डुबेर विताउँथे । सायद यसैकारण होला भनिन्छ 'वेदना नै देवकोटाको निम्ति अभिशाप थियो' । तर उनी कहिले दुःखदेखि डराएनन् । राणा शासनको अन्त पछि देवकोटाले आराम साथ लेख्न पाउँछन् भन्ने आशा त्यसै चकनाचूर भयो, उनको जीवनमा फूर्सद क्षितिजको सूर्य सरह थियो ।

× × ×

देवकोटाको प्रकृति अति नै अद्भूत थियो ताकि उनलाई देख्नसाथ यही आभास पाइन्थ्यो कि उनी कुनै वेदनाले छट्पटाई रहेछन् । उनको युगल नयणहरू सदैव केहि हराएको चीज खोजे झैं ....के-के खोजी-रहन्थे । नेपाली साहित्यको जग बसाउनेहरूमा देवकोटाको योगदान अतुलनीय छ । सर्व प्रथम उनको योगदानको प्रमाण 'मुना-मदन'ले दिन्छ । 'मुना-मदन' ह्याउरे छन्दमा लेखिएको अत्यन्त रोचक दुःखान्त खण्ड काव्य हो । यस खण्डकाव्यले जन समुहमा महत्त्वपूर्ण स्थान ओगटेको छ ।

देवकोटामा पाश्चात्य शिक्षाको प्रभाव धेरै मात्रामा पाइन्छ । उनले नेपाली बाहेक अंग्रेजी, फारसी, संस्कृत, हिन्दी आदि भाषा ज्ञान पाप्त गरेका थिए । भनिन्छ—देवकोटाले सपना पनि अंग्रेजीमा देख्थे रे । सायद यसैले होला उनको नेपाली कविता भन्दा अंग्रेजी कविताहरू अझ स्पष्ट हुन्छ । उनमा सानै उमेरदेखि नै अंग्रेजी कविहरू शेली, बडर्सवर्थ, कीटसको गहिरो प्रभाव परेको थियो । साहित्य क्षेत्रमा उनको विशेषताहरू हुन्—नवीन शब्दको प्रयोग, भावनाको सुरेली, विचारमा गाम्भीर्य, कल्पनाको गहिराई, वाक्य प्रयोगमा कलात्मक व्यञ्जना, चित्रणमा मिठास आदि, देवकोटाले साहित्य क्षेत्रमा कविता बाहेक निबन्ध, उपन्यास, प्रबन्ध, कथा आदि लेखे ता पनि कविता क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगटेका छन् । उनको कवितामा स्वाच्छन्दबाद (Romanticism) पाइन्छ । देवकोटा नेपाली साहित्यको एक आशुकवि हुन्, रोमाण्टिक कवि हुन्, युगप्रवर्तक कवि हुन्, अनि हुन् महाकवि । यस्ता उपनामहरूले आभूषित थिए महान प्रतिभा देवकोटा । कुनै लेखकले भनेका छन्—देवकोटा नेपाली साहित्य क्षेत्रमा तीन चोटी जन्मे—'मुना-मदन'-सित, 'शकुन्तला'-सित र 'पागल'-सित । देवकोटाको कतिपय अनमोल कृतिहरू जो नेपाली साहित्य मन्दिरमा पुष्प स्वरूप अर्पण छन्, ती हुन्—

महाकाव्य—'शकुन्तला' र 'सुलोचना' ।

खण्डकाव्य—'मुना-मदन', 'कुसुमी', 'राजकुमार प्रभाकर', 'महेन्दु' (भोटे-शेलोमा), रावणजटायुद्ध, कृषिवाला, सीताहरण, बनकुसुम, प्रमोथियस, लुनी, मायाविनी, सर्सी, महाराणा प्रताप आदि ।

संदर्भ पुस्तकहरू—नेपाली साहित्यको संक्षिप्त इतिहास, ह्यालबाट ।

कविता संग्रह—चिल्ला पातहरू, भिखारी, पुतली, सुनको बिहान, छहरा, भावना, गांगेय इत्यादि ।

प्रबन्ध संग्रह—लक्ष्मी प्रबन्ध संग्रह, प्रसिद्ध प्रबन्ध संग्रह ।

कथा संग्रह—लक्ष्मी कथा संग्रह ।

उपन्यास—चम्पा आदि हुन् ।

यसबाहेक उनका अझ कृतिहरू प्रकाशनमा नआई छन् । उनको एउटै ध्येय थियो भावनालाई पोखाउनु, तर प्रकाशनमा ल्याउनु थिएन । यसर्थ उनको साहित्यप्रति यत्रो सेवाले उनी महाकवि भए । यस्ता अद्भूत प्रतिभालाई वि० स० २०१६ मा क्यान्सर रोगले चट्ट चुँडेर लग्यो तरै पनि यो बाग त्यसै उजाड़िने छैन जहाँ उनका कयौं कृतिहरू बिरुवा सरह बाँचेका छन्, जो फूलिरहने छन्, फलिरहने छन् अनि नेपाली साहित्यलाई हँसाई रहने छन् । तसर्थ—महान् प्रतिभा देवकोटा कहिले मर्ने छैनन्, बरू सदा-सदा अमर रहने छन् ।

बालकृष्ण सम—मेरो प्यारो कवि

लोडदेने लेप्चा
सातौं श्रेणी 'क'

मलाई मन परेको कविता 'स्वागत' हो । यी कविता लेख्ने हाम्रो प्यारो कविजी हुनुहुन्छ स्वर्गीय बालकृष्ण सम । नेपाली साहित्यको अर्को महान् कारीगढ़ स्व० बालकृष्ण समनै हुनुहुन्छ । उहाँले सबै क्षेत्रमा कलम चलाउनु भएको छ । उहाँ नाटक, कविता, उपन्यास अन्य पुस्तकहरू लेख्ने एउटा प्रशिद्ध लेखक हुन् । यसैकारण उहाँलाई नेपाली साहित्यको शेक्सपियर भनिएको हो । हाम्रा कविजी बालकृष्ण समको जन्म सन् १९०८ सालमा काठमाण्डौं ज्ञानेश्वरमा भएको हो । समज्यू धनी परिवारमा जन्मे-को हुनाले बाल्य अवस्थामै सुविस्ता साथ विद्यार्थी जीवन बिताउनु पाए । उनले खाली कविता मात्र लेखेनन्, नाटक र उपन्यासहरू पनि लेखेका छन् । उहाँले लेख्नु भएको नामी पुस्तक "नियमित आकस्मिकता" हो । बालकृष्ण समज्यू साहित्यकार संगसंगै प्रणेता वैज्ञानिक बाहेक चित्रकार, तस्वीरकार, फोटोग्राफर, संगीतकार र अभिनेता पनि हुनुहुन्थ्यो । समजी नेपाली भाषा प्रकाशिनी समितिका अध्यक्ष, त्रिचन्द्र कलेजका प्राध्यापक, नेपाल रेडियो तथा प्रचार विभागका निर्देशक-डाइरेक्टर औ राजकीय प्रज्ञा प्रतिष्ठानका उप-कुलपति भई-सक्नु भए। सन् १९७६ सालमा उहाँ सिकिस्त बिरामी परि आफ्नो स्मरण शक्ति हराइ-सक्नु भएको थियो । आराम त भयो तर त्यसको साथ साथै सन् १९८१ सालमा ८० वर्षको उमेरमा उहाँको देहान्त भयो ।

नाम : कति बदनाम ?

हीराकुमार छेत्री
बाह्रौं श्रेणी 'कला'

शेक्सपियरले भनेका रहेछन्—'नाममा के राखिएको छ ? हामीले गुलाबलाई अर्कै नाम दिए तापनि यसले मीठै वासना दिन्छ ।' शेक्सपियरको भनाइको मतलब हो नाम जस्तै राखिए पनि हुन्छ, गुण राम्रो हुनुपर्छ । नाममा केही राखिएको छैन । वास्तवमा नामको काम कुनै वस्तु तथा मान्छे विशेषलाई चिनाउनु मात्र हो । यस भनाइलाई स्वीकार्य ठहऱ्याउन मन लाग्छ तर एकापट्टि संस्कृतको एक उक्ति ठिङ्ङ ठड्रिन्छ—'यथा नामः तथा गुणः' । जस्तो नाम छ त्यस्तै गुण हुनुपर्छ । संस्कृत उक्तिको समर्थनमा वीरबहादुर बलियै हुनुपर्छ तर शेक्सपियरको ठनाइमा दयामान, निर्दय औ नयनतारा अन्धि भए पनि हुन्छ । दुवै तर्क मान्य छन् । नाम अनुसारको गुण हुनुपर्छ भन्ने पनि उचितै छ र नाम अनुरूप गुण नभए पनि हुन्छ भन्ने पनि उपयुक्त नै छ । सीता नाम छ भने पतिभक्ता नै हुनुपर्छ भन्ने पूर्वेली वा संस्कृतले मान्छ भने पश्चिमले सुमित्रा झगड़ालु भए पनि हुन्छ भन्ने मान्छ, शेरसिंह स्यालजस्तो भए पनि हुन्छ भन्छ । कति यस्ता नामहरू हुन्छन् जो उच्चारित हुने बित्तिकै सुन्नेमाथि भयङ्कर प्रभाव पर्नजान्छ; जस्तो—बाघसिंह । बाघसिंह नाम सुनिनेसाथ कालो, आलो, मोटो, ठूलो जुँगाधारी व्यक्तिको नक्सा आँखाले खिच्छ तर बाघसिंह बिरालो जस्तो हुन पनि सक्छ ।

यसरी व्यक्तिवाचक (मान्छेविशेष) नामका दुइ पक्ष भएका छन् । शेक्सपियरको अंग्रेजी कथनलाई पूर्वको एक लोककथाले समर्थन पनि गर्छ । कथा यस्तो छ—'एकजना शिष्यले आफ्ना गुरुलाई उनको नाम नराम्रो भएको खण्डमा बदली गरिदिने निवेदन गर्दा गुरुले 'सन्तोषी सदा सुखी' भनेर जुन नाम छ त्यही राख्ने सल्लाह दिन्छन् । शिष्य फेरि पनि आफ्नो नाम बदल्न नै चाहन्छन् तब गुरुले उनलाई एक पैदल-यात्रामा पठाउँछन् अनि यात्राबाट पाएको ज्ञानले नाम राखिदिने वचन दिन्छन् । शिष्य यात्रा गर्न थाल्छन् । बाटामा हिड़िरहेका समय तिनी एउटा लाश लगिरहेको देख्छन् र मृत व्यक्तिको नाम सोढा अमर भन्ने थाह पाउँछन् । अमर मरेको देखेर शिष्य छक्क पर्छ । अर्को गाउँमा एकजना व्यक्ति दुःखले रोइरहेको भेटछन् जसको नाम हुन्छ सुखराम । यात्रा गरिरहेकै समय पुनः एक बाटो बिर्सेको व्यक्तिसित तिनको भेट हुन्छ र उसको नाम सोढा थाह लाग्छ पथिक । अमरको मृत्यु भएको, सुखरामलाई दुःख परेको र पथिकले बाटो भुलेको देखेर अन्त्यमा शिष्यले आफ्नो नाम नै उचित भन्ने शिक्षा प्राप्त गर्छन् । शिष्यको नाम हुन्छ तृप्तमान ।

नामले यसरी चिनाउने काम मात्र गर्छ ।

नेपाली समाजमा नाम अनेक किसिमले राख्ने ढंग छ, जस्तै—चिम्से, मुछे, खोरण्डे, बकबके, ढल्ले, पुड़के, जिलिगाष्टे, टेंडे इत्यादि । यस्तो नामकरण गर्ने अभिभावक-

हरूको एउटा विश्वास अथवा अन्धविश्वास छ कि छोराछोरीका नाम राम्रा वा प्यारा भए ईश्वरका लागि पनि उनीहरू छिट्टै प्यारा हुन्छन् । यस विश्वासले 'यथा नामः तथा गुणः'लाई पूर्णरूपले थाँक्रो दिएको छ । यसरी नामकरण गर्दा अभिभावकहरू विशेष आफ्ना नानीहरूका व्यवहार र शारीरिक गठनलाई मध्यनजर गर्छन् । यस्ता नानीहरूका नाम पछि ठूला भएर अकबरै राखिए पनि पुरानै नाम सुहाउँछ ।

हिन्दीमा एउटा कहावत् छ—'आँख का अंधा नाम नैनसुख' भन्ने । यसले पनि शेक्सपियरी उक्तिको खण्डन गरेर संस्कृतकै पुच्छर समात्छ । उसै गरी नेपालीका 'जुन गोरुको सिँग छैन उसैको नाउँ तिखे', 'जसको नाक छैन उसैको नाम बहादुर गिरी' जस्ता उखानहरू पनि पश्चिमेली तर्कविरुद्ध नै छन् । फेरि पूर्वलाई नै मान्यता दिने हो भने चिरंजीवीले अजम्मरीको बुटी खोज्नुपर्‍यो, विजयले अण्डा, घिउ खाँदै गर्नुपर्‍यो, पुष्पले धर्मपुस्तक पढ्नुपर्‍यो ।

जातिविशेषका नाममा पञ्जाबतिर दरबारसिंह, गुरुद्वारासिंह, सरदारसिंह आदि हुन्छन् । यसप्रकारले हिन्दूले मन्दिरप्रसाद, मुस्लिमले मस्जिदवख्श, ईसाईले गिर्जामान, मास्टर चर्च राखे नामबाटै धर्मबोध हुन्छ । यसको लागि श्री महाभारत राई, श्रीमान् गरुड़पुराण थापा, मिस्टर बाइबल लेप्चा, जनाब कुराणशरिफ, गुरुग्रन्थ साहेब, त्रिपिटक छिरिङ आदि नाम पनि अयोग्य छैनन् । यसरी नाम राख्दा प्रत्येक नामले एकेक व्यक्तिको तोकेर परिचय दिन्छ । कुनै अन्तर्वार्तामा एक उम्मेदवार श्री फलनारामको नाम डाकिए त्यहाँ चारजनाभन्दा बेसि फलनाराम देखा पर्न सक्छन् किनभने आजकल एकै नाम भएका हजार व्यक्ति हुन्छन्, उदाहरणको निम्ति माइकल ज्याकसन लिनसकिन्छ । यसप्रकारले एउटै नाममा चारजना पर्नुभन्दा त बरु गाढ़ीमान, चामु, चामे, गौंथली, परेवी, जूठे नाम राखेर यस झन्झटबाट उम्कन नै बेश हुन्छ । यसरी नै एउटै नाम पर्ने डर भएको खण्डमा जतिसक्दो नानीको न्वारानमा प्रकृतिलाई प्रधानता दिएर नाम राखे पनि हुन्छ । जस्तै—फूलकुमार, कोपिला, महोसिंह, पत्थरलाल, सयपत्री, हाँड़ीमाया, घिउकुमारी, तितिरीमाया, डुकुमाया इत्यादि । प्राकृतिक नाम छ भने सुन्नमा पनि मीठो लाग्छ; जस्तो—फूलकुमारकी छोरी गमलारानीको विवाह पर्वतेको छोरो बनमारालालसित सुसम्पन्न भइरहेछ भनी गुलाबचन्द्रले जनाएका छन् ।

कति युवकहरू सुन्दरी र रूपा नाम सुनेर मक्ख पर्छन् तर रूप र सुन्दरताको यादै गर्दैनन् । हुनसक्छ सुन्दरीकहाँ सौन्दर्यको र रूपामा रूपको कमी छ ।

कसैको नानीको न्वारानमा नाउँ राख्ने मौका मिल्यो भने मुखमा जे आयो त्यही राखिदिए पनि हुन्छ ! यदि 'ख' अक्षरको पर्‍यो भने खम्बासिंह, खबरबहादुर; 'क' पर्‍यो भने कारखाना, कूलकुमार आदि राखिदिए हुन्छ । यसो गर्नाले एउटा नामले एउटै व्यक्ति चिनाउँछ । तर खुशबहादुर, कोमल भन्ने नाम झैं जन्मने र कठोर मिजाजका नानीहरूलाई सुहाउँदैन ।

लाटाको नाउँ भानुभक्त राखेर अंग्रेजी भनाइको अनुकरण गरिएको पनि यहाँ पाइन्छ । आफ्नो छोरो मोहम्मद अली र माइकल ज्याकसन दुवैजना जस्तो होस्

भन्ने हेतुले माइकल मोहम्मद चक्रवर्ती नाम राखिएको पनि छ ।

यसरी नाम राख्नमा दुइवटा तर्कले सताउँछन् । हृदयचन्द्रका पिताले आफ्नो छोराको हृदय चन्द्र जस्तो होस् भनेर नाम राखिदिए तर हृदयकै रोगले उनको मृत्यु भयो, फेरि देवकोटाको कथा पनि यस्तै छ । यहाँ संस्कृत कथनको विरोध भयो । तर अच्छा राई प्रवृत्तिका, मोतीराम मोती नै भएका हुनाले अंग्रेजी भनाइको हार भयो ।

रेलभित्र जन्मने नानीलाई रेलचंद, हवाइजहाजमा जन्मनेलाई वतासमान आदि नाम दिँदा हानि छैन । यति नगरेर कलमबीर, अक्षरसिंह, ज्ञानसिंह नाम दिइए पछि कलमबीर पटमूर्ख, अक्षरसिंह वर्ग नचिन्ने, ज्ञानसिंह अज्ञानी निस्कन सक्छन् । हुन त बाँसजस्तो व्यक्तिलाई पहलमान, आँखा कानीलाई सुलोचना, निर्धनलाई धनकुमार, पढ्न नजान्नेलाई कविता, नाम दिएर अंग्रेजीपट्टि टाँसिन पनि हास्यस्पद नै हुन्छ । सेनामा पहलमानको जरूरत हुन्छ तर नामको होइन गुणको, अभिनयमा सूलोचनाको दरकार हुन्छ, समाजमा सुमित्राको, साहित्यमा कविताको, विवाहको दाइजोमा धनकुमारी र लक्ष्मीको, रूप नामको होइन तर गुणको आवश्यकता हुन्छ ।

आजकल उपनाम धर्ने अर्को रोग पनि प्रचलित छ, जस्तो—गोरुआँख्ले 'नेत्रहीन', हस्तबहादुर 'डुँडे', कर्णबहादुर 'बेह्रा', सुखमान 'निराशा', आशामाया 'विवश' आदि जस्ता नामका पछि भुण्ड्याइने पुच्छरहरू अनेक पाइन्छन् । यसरी नाम राख्दा समय बर्बाद हुने डर हुन्छ नाम लम्बिएर । चम्रेल कविको जति छोटो नाम भइदिए साह्रो पर्छ । बरु उपनाम मात्र राखेर वास्तविक नामलाई गोप्य राखे पनि हुन्छ ।

पहिलेका नामहरू लामा हुन्थे । ती नामहरू लामै भए तापनि लिङ्गबोधक हुँदैथे । जस्तो —टेकबहादुर-पुंलिङ्ग, मनमाया स्त्रीलिङ्ग आदि । तर आजकल यसरी बहादुर, रत्न, चन्द्र, कुमार प्रसाद, प्रकाश माया, कला, रत्ना, चन्द्रा, कुमारी आदि लिङ्गबोधक सहनाम जोड़ने चलन हराइरहेछ । अहिले त लक्ष्मी, हिरण, ज्योति, रोशन, तुलसी, विष्णु, शान्ति, प्रेम, पुष्प आदि नामहरू दुवै लिङ्गका निम्ति प्रयुक्त भएर अप्ठ्यारो स्थिति ल्याइराखेका छन् ।

नाम लामा नहुन् भनेर लघुनामकरण गरेर डी० के० सिंह, एस० पी० राई आदि लेखिने चलन आज आएको छ । नाममा केही गड़बड़ी छ भने पनि यसरी नामको संक्षिप्त रूप गरिन्छ । जहाँ नाम छोटिएर सानो भएको छ त्यहाँ अवश्यै केही गड़बड़ी छ भन्ने बुझे पनि हुन्छ । हुनसक्छ बी० बी० सिंहको पूरा नाम बेलबटम सिंह हो, श्रीमती ए० शर्माको नाम अलछिना हो भनेर कसैलाई थाहा थिएन । वास्तवमा अंग्रेजीमा यसरी नामको लघुरूप बनाउँदा वास्तविक कर्णप्रियता आघात पुग्छ पनि । के० राम भन्दा त खुशराम कति मीठो सुनिन्छ । यसरी अंग्रेजी सभ्यताको कारण यता पनि घिउचयनब्यू विस्तारी-विस्तारी घिउचन र घिच्चनमा परिवर्त्तन भइसके विचरा ! फेरि नाउँको लघुरूप गर्दा अंग्रेजीमै हुनुपर्छ भन्ने केही छैन । नेपालीमै पनि नाम घट्न सक्छन् ।

भन्ने हेतुले माइकल मोहम्मद चक्रवर्ती नाम राखिएको पनि छ ।

यसरी नाम राख्नमा दुइवटा तर्कले सताउँछन् । हृदयचन्द्रका पिताले आफ्नो छोराको हृदय चन्द्र जस्तो होस् भनेर नाम राखिदिए तर हृदयकै रोगले उनको मृत्यु भयो, फेरि देवकोटाको कथा पनि यस्तै छ । यहाँ संस्कृत कथनको विरोध भयो । तर अच्छा राई प्रवृत्तिका, मोतीराम मोती नै भएका हुनाले अंग्रेजी भनाइको हार भयो ।

रेलभित्र जन्मने नानीलाई रेलचंद, हवाइजहाजमा जन्मनेलाई वतासमान आदि नाम दिँदा हानि छैन । यति नगरेर कलमबीर, अक्षरसिंह, ज्ञानसिंह नाम दिइए पछि कलमबीर पटमूर्ख, अक्षरसिंह वर्ग नचिन्ने, ज्ञानसिंह अज्ञानी निस्कन सक्छन् । हुन त बाँसजस्तो व्यक्तिलाई पहलमान, आँखा कानीलाई सुलोचना, निर्धनलाई धनकुमार, पढ्न नजान्नेलाई कविता, नाम दिएर अंग्रेजीपट्टि टाँसिन पनि हास्यस्पद नै हुन्छ । सेनामा पहलमानको जरूरत हुन्छ तर नामको होइन गुणको, अभिनयमा सुलोचनाको दरकार हुन्छ, समाजमा सुमित्राको, साहित्यमा कविताको, विवाहको दाइजोमा धनकुमारी र लक्ष्मीको, रूप नामको होइन तर गुणको आवश्यकता हुन्छ ।

आजकल उपनाम धर्ने अर्को रोग पनि प्रचलित छ, जस्तो—गोरुआँखले 'नेत्रहीन', हस्तबहादुर 'डुँडे', कर्णबहादुर 'बेहा', सुखमान 'निराशा', आशामाया 'विवश' आदि जस्ता नामका पछि झुण्ड्याइने पुच्छरहरू अनेक पाइन्छन् । यसरी नाम राख्दा समय बर्बाद हुने डर हुन्छ नाम लम्बिएर । चम्रेल कविको जति छोटो नाम भइदिए साह्रो पर्छ । बरु उपनाम मात्र राखेर वास्तविक नामलाई गोप्य राखे पनि हुन्छ ।

पहिलेका नामहरू लामा हुन्थे । तीं नामहरू लामै भए तापनि लिङ्गबोधक हुँदथे । जस्तो —टेकबहादुर-पुंलिङ्ग, मनमाया स्त्रीलिङ्ग आदि । तर आजकल यसरी बहादुर, रत्न, चन्द्र, कुमार प्रसाद, प्रकाश माया, कला, रत्ना, चन्द्रा, कुमारी आदि लिङ्गबोधक सहनाम जोड़ने चलन हराइरहेछ । अहिले त लक्ष्मी, हिरण, ज्योति, रोशन, तुलसी, विष्णु, शान्ति, प्रेम, पुष्प आदि नामहरू दुवै लिङ्गका निम्ति प्रयुक्त भएर अप्ठ्यारो स्थिति ल्याइराखेका छन् ।

नाम लामा नहुन् भनेर लघुनामकरण गरेर डी० के० सिंह, एस० पी० राई आदि लेखिने चलन आज आएको छ । नाममा केही गड़बड़ी छ भने पनि यसरी नामको संक्षिप्त रूप गरिन्छ । जहाँ नाम छोटिएर सानो भएको छ त्यहाँ अवश्यै केही गड़बड़ी छ भन्ने बुझे पनि हुन्छ । हुनसक्छ बी० बी० सिंहको पूरा नाम बेलबटम सिंह हो, श्रीमती ए० शर्माको नाम अलछिना हो भनेर कसैलाई थाहा थिएन । वास्तवमा अंग्रेजीमा यसरी नामको लघुरूप बनाउँदा वास्तविक कर्णप्रियता आघात पुग्छ पनि । के० राम भन्दा त खुशराम कति मीठो सुनिन्छ । यसरी अंग्रेजी सभ्यताको कारण यता पनि घिउचयनब्यू विस्तारी-बिस्तारी घिउचन र घिचनमा परिवर्त्तन भइसके विचरा ! फेरि नाउँको लघुरूप गर्दा अंग्रेजीमै हुनुपर्छ भन्ने केही छैन । नेपालीमै पनि नाम घट्न सक्छन् ।

उदाहरण :- कालुनारायणको काना, भैरव-सिहको भैंसी, खम्बासिहको खसी, सूर्य-प्रसादको सूप, जगत राईको जरा, सुरेश चन्द्र नारायणको सूचना इत्यादि ।

जे भए पनि नाम जस्तो राखे पनि आफ्नो-आफ्नै इच्छा हो । गुण विरुद्ध नाम राखे पनि, गुण युक्त राखे पनि प्राकृतिक र वैज्ञानिक जस्तो बनाए पनि, घटाएर दुइवर्ण बनाए पनि, लम्ब्याएर दुइ कोसको पारे पनि, नाम नराखी बेनाम गए पनि, नाम राखेरै बदनाम भए पनि निर्णय आफ्नै हो । तरै पनि नाना प्रकारका नामहरू राखेर यो लेखौटभित्र सहायता गर्नुहुने यहाँका सबै नामधारीहरूलाई मुरी-मुरी सधन्यवाद !!

भाइ

मिलन लामा
बाह्रौं श्रेणी 'कला'

'सुमन ——जसलाई प्यार गरेर सबैले 'भाइ'-को सम्बोधनमा पुकार्थ्यो । यस रंग मंचमा हुर्कंको भर्खरै बाह्र साल भएको थियो, सुन्दर र हँसमुख नै उसको एक कढ़ि थियो ।

विद्या उर्पाजन गर्नमा अति नै अघि सरिसकेको, कक्षामा पहिलो हुने ठिटो, गुरुवा'को प्यार उमा निकै छाएको थियो । कक्षा लगायत विद्यालयभरि नै उसको शान्त र कोमल बोलिहरूले उसलाई सबै संग परिचित पारिदिएको थियो ।

सायद सबैको प्यारो भएर होला उसलाई सानै उमेरमा रोगले अंगालो हाल्न पुगेको थियो । विद्यालयको लामो बिदा पछि जब विद्यालय खुलेथ्यो —— त्यस दिन उसलाई विद्यालय जाने इच्छा नहुँदै पनि जान वाध्य भएको थियो कारण उसको बुवा.....जो चाहिँ 'रक्सी' पिएर भएका सबै रिसहरू बर्साउँथ्यो, यसर्थ उ विद्यालयतिर लागेको थियो । अचानक उसको पेटमा एक प्रकारको पिढ़ा पर्‍यो जो बिस्तारै बढ़ेर अस्पतालसम्म उसलाई ल्याउन पनि कक्षाका अरू छात्रहरूलाई गाह्रो पर्न गएको थियो ।

'डाक्टर'-को जाँच पछि उसलाई अस्पतालमा भर्ना गरियो । त्यस प्रकारको पिड़ा उसले धेरैपल्ट महशुस गरि सकेको रहेछ । जो अस्पतालमा भर्ना भए पछि पत्तो हुन गएको थियो । त्यस दिन देखि अस्पतालको खाटमा उसको भविष्यका दिनहरू बिस्तारै... बित्न गएको थियो ।

संसारमा यस्ता आमा-बाबु थोरै होला जसलाई आफ्नो सन्तानको प्यार भन्दा रक्सी र मौजमज्जाको बढ़ता प्यार हुने । त्यस अभागी ठिटो सुमनले यस्ता सुमा-बुबा पाएका थिए । बुबा रक्सीमा, सुमा मौजमज्जा उड़ाउनमा समय बर्बाद गर्थ्यो, जसको परिणाम स्वरूप उसलाई पेटमा "कर्कराशि" रोगले भेटिसकेको थियो ।

समयमा खान पाउँदैन थियो, काँचो भत्र पाईन्न थियो, घरमा काम गर्न पर्ने। कोही बेला उसले सड़ेको भोजन खान पर्थ्यो। यस्तै पिरले उसको एक मात्रै दिदी "राधिका" आत्महत्या गरेर बस पिरबाट मुक्ति प्राप्त गरेको थियो। तर उसलाई, "आफु पढ़ि उत्तम व्यक्ति" बन्ने ठुलो इच्छा थियो जो चाहिं अस्पतालको खाटमा बिलिन भएर गएको उसको मुमा-बुबालाई एक छिट्टा पनि पत्तो थिएन।

उसको भाग्यलाई दोषपूर्ण ठहराउने या उसको मुमा-बुबालाई ?

यस समाजमा चलेको त्यसता कुकर्म-हरूलाई कहिले बन्द गर्ने, कसले बन्द गर्ने ? भर्खरै जलेको नयाँ दीप भविष्यमा प्रकाश फैलाउने आकांक्षाहरूलाई समाजका यस प्रकारका कुकर्मका हुरीले निभाई दिँदै छन् जस्तो परिभाषा भाइबाट लिन सक्छौं। यसलाई रोक्न पर्ने कि अझै त्यसरी भर्खरै जले-का दीपहरूलाई निभाउन वा बुझाउन पर्ने ?

मलाई मन परेको कवि भानुभक्त

अजय सुब्बा
सातौं श्रेणी 'क'

मलाई मन परेको कवि भानुभक्त हुन्। कवि भानुभक्तको जन्म १८७६, आषाढ़ २६ गते, नेपाल तनहुँ भन्ने गाउँमा भएको थियो।

कवि भानुभक्तको बाजे श्री कृष्ण आचार्यले उहाँलाई सानैदेखि ठूलो शिक्षा दिनुभयो। भानुभक्तलाई सबैभन्दा उत्तम शिक्षा तथा अर्ति दिने घाँसी थिए। यसैले कवि भानुभक्त नेपाली कविहरूमध्ये सर्वप्रथम आदिकवि हुनु भयो। उहाँले संस्कृत भाषामा लेखिएको रामायणलाई शुद्ध, सरल र सबै मानिसहरूले बुझ्ने गरी नेपालीमा अनुवाद गरे। तो मध्ये 'प्रश्नोत्तरी', 'वधु-शिक्षा' लेख्नु भयो। उहाँले हामी नेपाली दाज्यू-भाईहरूलाई शुद्ध र सरल नेपाली लेख्न र बोल्न सिकाउनु भयो। उहाँले हामीहरूलाई जाति प्रेम, भाषा प्रेम, विद्या प्रेम सिकाउनु भयो। उहाँको कविता, श्लोक र रचनाहरूमा मिठास भएको अनपढ़ मानिसहरूले पनि खुब चाख दिएर सुन्दछन्।

भानुभक्त आचार्यको जन्मदिवसमा स्कूलको छात्रहरूले उहाँलाई भक्ति तथा धन्यवाद टक्राउँछन्। उहाँले यदि नेपाली दाज्यू-भाइहरूलाई नेपाली न सिकाएको भए अहिले नेपाली दाज्यू-भाइहरूले नेपाली लेख्न वा बोल्न सक्ने थिएन होला। नेपाली भाषा र साहित्यमा मलाई मन परेको हाम्रो आशु कवि श्री भानुभक्त आचार्य हुन्।

डी० आर० बराल एक कर्मठ कर्मी

नन्दलाल बराल र लीलावतीको पुत्रको रूपमा स्वर्गीय धनराज बरालको जन्म कालिम्पोङ इच्छे बस्तीमा मिति ३१ दिसम्बर १९२४ मा भएको थियो । केही समय बस्तीकै पाठशालामा विद्योपार्जन गरी एस० यु० एम० आई० मा तिनले भर्ना लिए । यही पाठशालाबाट सन् १९४७ मा म्याट्रिक परीक्षा पास गरे । यो भन्दा अघि उनले एस० यु० एम० आई० मा स्थित गुरु-तालिम केन्द्रबाट सन् १९४० प्रशिक्षण प्राप्त गरे । मिति १-४-१९४४ देखि उनको मृत्यु नहुन्जेल शिक्षकको रूपका कार्यरत थिए । उनको विवाह सर्दार उजिरसिंह दाहालको पुत्री श्रीमती नन्दकुमारी दाहालसित भएको हो । स्वर्गीय धनराज बरालका आफ्नी धर्मपत्नी बाहेक पुत्र श्री भानु कुमार बराल सम्प्रति यही पाठशालामा विज्ञानका दक्ष शिक्षकको रूपमा कार्यरत् छन् ।

मानिस जन्मन्छन् मर्नलाई—मरेर गएर मात्र केही हुँदैन—बाँचुञ्जेल उसले केही गऱ्यो ? ओ माथि उसको यश निहित रहन्छ । प्रकृतिमा यस्ता कैयौं उद्भितहरू उम्रन्छन् जसको जीवन क्षणिक छ तर त्यो क्षणिक समय भित्रमा आफ्नो सौन्दर्य र सौरभ फैलाई मानिसको ध्यानाकार्षित गर्न सक्षम् हुन्छन् यद्यपि समयको गति सँग-सँगै विस्मृतिको गर्भमा लुक्दै जान्छन् केही समयको निम्ति तिनीहरूले आफ्नो विशेषता यो धरणीलाई देखाएर पनि । मनुष्य जीवन पनि झण्डै त्यस्तै हुनपर्छ—फेरि लेखिएको छ—you only live once but if you live right once is enough. भलाई लाग्छ यही कुरा स्वर्गीय धनराज सरको जीवनले चरितार्थ तुल्याएको छ । यदि मानिसमा भएको कतिपय विशेषतालाई गुण मान्न सकिन्छ भने स्वर्गीय बरालमा भएका कतिपय विशेषताहरू, जस्तै — कर्त्तव्यपरायणता, मिलनसार, निराभिमानता, नम्रता, विनय-शीलता, सहिष्णुता, सहयोगिता आदि उनमा रहेको जीवनको सौन्दर्य र सौरभ हुन् जुनचाहिँ स्वर्गीय बरालमा स्वाभाविक अनि यथेष्ट रूपमा थियो ।

स्वर्गीय बराल सित मेरो व्यक्तिगत सम्पर्क सन् १९५३ देखि यसो भएको हो । यो सम्बन्ध सदभावनापूर्ण रह्यो उनको जीवनको अन्तिम घड़ीसम्म । यतिका लामो दिन उनको सामिप्यमा रहँदा मैले उनको मुखबाट कुनै प्रकारको कटुवचन किंवा रीस प्रकट भएको पाइन । सहयोग र सहायता मागेको खण्डमा सदैव तत्पर रहेको पाएँ । जीवनको अन्तिम घड़ीसम्म कुनै पनि काम सावधनीपूर्वक गरेको मैले पाएँ । खस्रो मसौदा तयार पार्दा पनि सठीक रेखाङ्कन गरी तयार पार्ने उनको अद्भूत बानी अपूर्व थियो । उनको कुनै पनि काम कार्यवाही गर्दा देखिएको धैर्य वस्तुतः सरहानीय थियो । सुन्दर तथा स्पष्ट हस्त-लिपि भएको स्वर्गीय बराल निःसन्देह पाठशालाको निम्ति एउटा asset थियो । पाठशालाको कामको निम्ति पाठशालाको समयमा होस् अथवा कुनै विदाको दिन, सदैव अह्राएको काम उत्सुकतापूर्वक तथा उत्कट लगनको साथ गर्ने बानी आज हामो थोरैमा पाउँछौं ।

उनी गफ हाँक्न र आफ्ना सहकर्मीहरू-लाई हसाउँन खूबै पारंगत थिए—आफ्नो जीवनमा घटेको कतिपय हास्यस्पद घटना-

Late Dhanraj Baral.

BLABBERS AND MENTORS

भन्ने हेतुले माइकल मोहम्मद चक्रवर्ती नाम राखिएको पनि छ ।

यसरी नाम राख्नमा दुइवटा तर्कले सताउँछन् । हृदयचन्द्रका पिताले आफ्नो छोराको हृदय चन्द्र जस्तो होस् भनेर नाम राखिदिए तर हृदयकै रोगले उनको मृत्यु भयो, फेरि देवकोटाको कथा पनि यस्तै छ । यहाँ संस्कृत कथनको विरोध भयो । तर अच्छा राई प्रवृत्तिका, मोतीराम मोती नै भएका हुनाले अंग्रेजी भनाइको हार भयो ।

रेलभित्र जन्मने नानीलाई रेलचंद, हवाइजहाजमा जन्मनेलाई वतासमान आदि नाम दिँदा हानि छैन । यति नगरेर कलमबीर, अक्षरसिंह, ज्ञानसिंह नाम दिइए पछि कलमबीर पटमूर्ख, अक्षरसिंह वर्ग नचिन्ने, ज्ञानसिंह अज्ञानी निस्कन सक्छन् । हुन त बाँसजस्तो व्यक्तिलाई पहलमान, आँखा कानीलाई सुलोचना, निर्धनलाई धनकुमार, पढ्न नजान्नेलाई कविता, नाम दिएर अंग्रेजीपट्टि टाँसिन पनि हास्यस्पद नै हुन्छ । सेनामा पहलमानको जरूरत हुन्छ तर नामको होइन गुणको, अभिनयमा सूलोचना-को दरकार हुन्छ, समाजमा सुमित्राको, साहित्यमा कविताको, विवाहको दाइजोमा धनकुमारी र लक्ष्मीको, रूप नामको होइन तर गुणको आवश्यकता हुन्छ ।

आजकल उपनाम धर्ने अर्को रोग पनि प्रचलित छ, जस्तो— गोरुआँख्ले 'नेत्रहीन', हस्तबहादुर 'डुँड़े', कर्णबहादुर 'ब्रेह्रा', सुखमान 'निराशा', आशामाया 'विवश' आदि जस्ता नामका पछि झुण्ड्याइने पुच्छरहरू अनेक पाइन्छन् । यसरी नाम राख्दा समय बर्बाद हुने डर हुन्छ नाम लम्बिएर । चम्रेल कविको जति छोटो नाम भइदिए साह्रो पर्छ । बरु उपनाम मात्र राखेर वास्तविक नामलाई गोप्य राखे पनि हुन्छ ।

पहिलेका नामहरू लामा हुन्थे । ती नामहरू लामै भए तापनि लिङ्गबोधक हुँदथे । जस्तो —टेकबहादुर-पुंलिङ्ग, मन-माया स्त्रीलिङ्ग आदि । तर आजकल यसरी बहादुर, रत्न, चन्द्र, कुमार प्रसाद, प्रकाश माया, कला, रत्ना, चन्द्रा, कुमारी आदि लिङ्गबोधक सहनाम जोड़ने चलन हराइरहेछ । अहिले त लक्ष्मी, हिरण, ज्योति, रोशन, तुलसी, विष्णु, शान्ति, प्रेम, पुष्प आदि नामहरू दुवै लिङ्गका निम्ति प्रयुक्त भएर अप्ठ्यारो स्थिति ल्याइराखेका छन् ।

नाम लामा नहुन् भनेर लघुनामकरण गरेर डी० के० सिंह, एस० पी० राई आदि लेखिने चलन आज आएको छ । नाममा केही गड़बड़ी छ भने पनि यसरी नामको संक्षिप्त रूप गरिन्छ । जहाँ नाम छोटिएर सानो भएको छ त्यहाँ अवश्यै केही गड़बड़ी छ भन्ने बुझे पनि हुन्छ । हुनसक्छ बी० बी० सिंहको पूरा नाम बेलबटम सिंह हो, श्रीमती ए० शर्माको नाम अलछिना हो भनेर कसैलाई थाहा थिएन । वास्तवमा अंग्रेजीमा यसरी नामको लघुरूप बनाउँदा वास्तविक कर्णप्रियता आघात पुग्छ पनि । के० राम भन्दा त खुशराम कति मीठो सुनिन्छ । यसरी अंग्रेजी सभ्यताको कारण यता पनि घिउचयनज्यू विस्तारी-बिस्तारी घिउचन र घिच्चनमा परिवर्त्तन भइसके विचरा ! फेरि नाउँको लघुरूप गर्दा अंग्रेजीमै हुनुपर्छ भन्ने केही छैन । नेपालीमै पनि नाम घट्न सक्छन् ।

उदाहरण — कालुनारायणको काना, भैरव-सिंहको भैंसी, खम्बासिंहको खसी, सूर्य-प्रसादको सूप, जगत राईको जरा, सुरेश चन्द्र नारायणको सूचना इत्यादि ।

जे भए पनि नाम जस्तो राखे पनि आफ्नो-आफ्नै इच्छा हो । गुण विरुद्ध नाम राखे पनि, गुण युक्त राखे पनि; प्राकृतिक र वैज्ञानिक जस्तो बनाए पनि, घटाएर दुइवर्ण बनाए पनि, लम्ब्याएर दुइ कोसको पारे पनि, नाम नराखी बेनाम गए पनि, नाम राखेरै बदनाम भए पनि निर्णय आफ्नै हो । तरै पनि नाना प्रकारका नामहरू राखेर यो लेखोटभित्र सहायता गर्नुहुने यहाँका सबै नामधारीहरूलाई मुरी-मुरी सधन्यवाद !!

भाइ

मिलन लामा
बाह्रौं श्रेणी 'कला'

'सुमन ——जसलाई प्यार गरेर सबैले 'भाइ'-को सम्बोधनमा पुकार्थ्यो । यस रंग मंचमा हुर्कंको भर्खरै बाह्र साल भएको थियो, सुन्दर र हँसमुख नै उसको एक कढ़ि थियो ।

विद्या उपार्जन गर्नमा अति नै अघि सरिसकेको, कक्षामा पहिलो हुने ठिटो, गुरुवा'को प्यार उमा निकै छाएको थियो । कक्षा लगायत विद्यालयभरि नै उसको शान्त र कोमल बोलिहरूले उसलाई सबै संग परिचित पारिदिएको थियो ।

सायद सबैको प्यारो भएर होला उसलाई सानै उमेरमा रोगले अंगालो हाल्न पुगेको थियो । विद्यालयको लामो बिदा पछि जब विद्यालय खुलेथ्यो .... त्यस दिन उसलाई विद्यालय जाने इच्छा नहुँदै पनि जान बाध्य भएको थियो कारण उसको बुवा.....जो चाहिँ 'रक्सी' पिएर भएका सबै रिसहरू बर्साउँथ्यो, यसर्थ उ विद्यालयतिर लागेको थियो । अचानक उसको पेटमा एक प्रकारको पिढ़ा पऱ्यो जो बिस्तारै बढ़ेर अस्पतालसम्म उसलाई ल्याउन पनि कक्षाका अरू छात्रहरूलाई गाह्रो पर्न गएको थियो ।

'डाक्टर'-को जाँच पछि उसलाई अस्पतालमा भर्ना गरियो । त्यस प्रकारको पिड़ा उसले धेरैपल्ट महशुस गरि सकेको रहेछ । जो अस्पतालमा भर्ना भए पछि पत्तो हुन गएको थियो । त्यस दिन देखि अस्पतालको खाटमा उसको भविष्यका दिनहरू बिस्तारै... बित्न गएको थियो ।

संसारमा यस्ता आमा-बाबु थोरै होला जसलाई आफ्नो सन्तानको प्यार भन्दा रक्सी र मौजमज्जाको बढ़ता प्यार हुने । त्यस अभागी ठिटो सुमनले यस्ता सुमा-बुबा पाएका थिए । बुबा रक्सीमा, सुमा मौजमज्जा उड़ाउनमा समय बर्बाद गर्थ्यो, जसको परिणाम स्वरूप उसलाई पेटमा "कर्कराशि" रोगले भेटिसकेको थियो ।

समयमा खान पाउँदैन थियो, काँचो भन्न पाईन्न थियो, घरमा काम गर्न पर्ने। कोही बेला उसले सड़ेको भोजन खान पर्थ्यो। यस्तै पिरले उसको एक मात्रै दिदी "राधिका" आत्महत्या गरेर यस पिरबाट मुक्ति प्राप्त गरेको थियो। तर उसलाई, "आफु पढ़ि उत्तम व्यक्ति" बन्ने ठुलो इच्छा थियो जो चाहिँ अस्पतालको खाटमा बिलिन भएर गएको उसको मुमा-बुबालाई एक छिट्टा पनि पत्तो थिएन।

उसको भाग्यलाई दोषपूर्ण ठहराउने या उसको मुमा-बुवालाई ?

यस समाजमा चलेको त्यसता कुकर्म-हरूलाई कहिले बन्द गर्ने, कसले बन्द गर्ने ? भर्खरै जलेको नयाँ दीप भविष्यमा प्रकाश फैलाउने आकांक्षाहरूलाई समाजका यस प्रकारका कुकर्मका हुरीले निभाई दिँदै छन् जस्तो परिभाषा भाइबाट लिन सक्छौं। यसलाई रोक्न पर्ने कि अझै त्यसरी भर्खरै जले-का दीपहरूलाई निभाउन वा बुझाउन पर्ने ?

मलाई मन परेको कवि भानुभक्त

अजय सुब्बा
सातौं श्रेणी 'क'

मलाई मन परेको कवि भानुभक्त हुन्। कवि भानुभक्तको जन्म १८७६, आषाढ़ २६ गते, नेपाल तनहुँ भन्ने गाउँमा भएको थियो।

कवि भानुभक्तको बाजे श्री कृष्ण आचार्यले उहाँलाई सानैदेखि ठूलो शिक्षा दिनुभयो। भानुभक्तलाई सबैभन्दा उत्तम शिक्षा तथा अर्ति दिने घाँसी थिए। यसैले कवि भानुभक्त नेपाली कविहरूमध्ये सर्वप्रथम आदिकवि हुनु भयो। उहाँले संस्कृत भाषामा लेखिएको रामायणलाई शुद्ध, सरल र सबै मानिसहरूले बुझ्ने गरी नेपालीमा अनुवाद गरे। ती मध्ये 'प्रश्नोत्तरी', 'वधु-शिक्षा' लेख्नु भयो। उहाँले हामी नेपाली दाज्यू-भाईहरूलाई शुद्ध र सरल नेपाली लेख्न र बोल्न सिकाउनु भयो। उहाँले हामीहरूलाई जाति प्रेम, भाषा प्रेम, विद्या प्रेम सिकाउनु भयो। उहाँको कविता, श्लोक र रचनाहरूमा मिठास भएको अनपढ़ मानिसहरूले पनि खुब चाख दिएर सुन्दछन्।

भानुभक्त आचार्यको जन्मदिवसमा स्कूलको छात्रहरूले उहाँलाई भक्ति तथा धन्यवाद टक्राउँछन्। उहाँले यदि नेपाली दाज्यू-भाइहरूलाई नेपाली न सिकाएको भए अहिले नेपाली दाज्यू-भाइहरूले नेपाली लेख्न वा बोल्न सक्ने थिएन होला। नेपाली भाषा र साहित्यमा मलाई मन परेको हाम्रो आशु कवि श्री भानुभक्त आचार्य हुन्।

डी० आर० बराल एक कर्मठ कर्मी

नन्दलाल बराल र लीलावतीको पुत्रको रूपमा स्वर्गीय धनराज बरालको जन्म कालिम्पोङ इच्छे बस्तीमा मिति ३१ दिसम्बर १९२४ मा भएको थियो । केही समय बस्तीकै पाठशालामा विद्योपार्जन गरी एस० यु० एम० आई० मा तिनले भर्ना लिए । यही पाठशालाबाट सन् १९४७ मा म्याट्रिक परीक्षा पास गरे । यो भन्दा अघि उनले एस० यु० एम० आई० मा स्थित गुरु-तालिम केन्द्रबाट सन् १९४० प्रशिक्षण प्राप्त गरे । मिति १-४-१९४४ देखि उनको मृत्यु नहुन्जेल शिक्षकको रूपका कार्यरत थिए । उनको विवाह सर्दार उजिरसिंह दाहालको पुत्री श्रीमती नन्दकुमारी दाहालसित भएको हो । स्वर्गीय धनराज बरालका आफ्नी धर्मपत्नी बाहेक पुत्र श्री भानु कुमार बराल सम्प्रति यही पाठशालामा विज्ञानका दक्ष शिक्षकको रूपमा कार्यरत् छन् ।

मानिस जन्मन्छन् मर्नलाई—मरेर गएर मात्र केही हुँदैन—बाँचुञ्जेल उसले केही गऱ्यो ? त्यो माथि उसको यश निहित रहन्छ । प्रकृतिमा यस्ता कैयौं उद्भिनहरू उम्रन्छन् जसको जीवन क्षणिक छ तर त्यो क्षणिक समय भित्रमा आफ्नो सौन्दर्य र सौरभ फैलाई मानिसको ध्यानाकर्षित गर्न सक्षम् हुन्छन् यद्यपि समयको गति सँग-सँगै विस्मृतिको गर्भमा लुक्दै जान्छन् केही समयको निम्ति तिनीहरूले आफ्नो विशेषता यो धरणीलाई देखाएर पनि । मनुष्य जीवन पनि भण्डै त्यस्तै हुनपर्छ—फेरि लेखिएको छ—you only live once but if you live right once is enough. भलाई लाग्छ यही कुरा स्वर्गीय धनराज सरको जीवनले चरितार्थ तुल्याएको छ । यदि मानिसमा भएको कतिपय विशेषतालाई गुण मान्न सकिन्छ भने स्वर्गीय बरालमा भएका कतिपय विशेषताहरू, जस्तै — कर्त्तव्यपरायणता, मिलनसार, निराभिमानता, नम्रता, विनय-शीलता, सहिष्णुता, सहयोगिता आदि उनमा रहेको जीवनको सौन्दर्य र सौरभ हुन् जुनचाहिँ स्वर्गीय बरालमा स्वाभाविक अनि यथेष्ट रूपमा थियो ।

स्वर्गीय बराल सित मेरो व्यक्तिगत सम्पर्क सन् १९५३ देखि यसो भएको हो । यो सम्बन्ध सदभावनापूर्ण रह्यो उनको जीवनको अन्तिम घड़ीसम्म । यतिका लामो दिन उनको सामिप्यमा रहँदा मैले उनको मुखबाट कुनै प्रकारको कटुवचन किंवा रीस प्रकट भएको पाइन । सहयोग र सहायता मागेको खण्डमा सदैव तत्पर रहेको पाएँ । जीवनको अन्तिम घड़ीसम्म कुनै पनि काम सावधनीपूर्वक गरेको मैले पाएँ । खस्रो मसौदा तयार पार्दा पनि सठीक रेखाङ्कन गरी तयार पार्ने उनको अद्भूत बानी अपूर्व थियो । उनको कुनै पनि काम कार्यवाही गर्दा देखिएको धैर्य वस्तुतः सरहानीय थियो । सुन्दर तथा स्पष्ट हस्त-लिपि भएको स्वर्गीय बराल निःसन्देह पाठशालाको निम्ति एउटा asset थियो । पाठशालाको कामको निम्ति पाठशालाको समयमा होस् अथवा कुनै विदाको दिन, सदैव अह्रायको काम उत्सुकतापूर्वक तथा उत्कट लगनको साथ गर्ने बानी आज हामी थोरैमा पाउँछौं ।

उनी गफ हाँक्न र आफ्ना सहकर्मीहरू-लाई हसाउँन खूबै पारंगत थिए—आफ्नो जीवनमा घटेको कतिपय हास्यस्पद घटना-

हरूको विवरण दिएर सबैलाई मनोरञ्जन गर्ने काम गर्थे—कथा भन्ने उनको अपूर्व गुणको कुरा आजपनि उनका पुराना छात्रहरूले गर्छन् ।

शिक्षक जीवनको अन्तिम भागतिर पाठशालाको Record/Report राख्ने काममा उनी खटिएका थिए । उनी पाठशालाको encyclopaedia थिए । कुनै शिक्षकको जन्म साल वा पेशामा लागेको साल सोधे नहेरी सठीक उत्तर दिन सक्ने क्षमता उनमा थियो । कुन छात्र कुन श्रेणीमा छ भ्यो पनि प्रायः जसो बताउन सक्थे । शिक्षकहरूले कुन सालमा विवाह गरे भ्यो पनि बताएर सबैलाई चकित तुल्याइदिन सक्थे—यस्तो स्मरण शक्ति उनमा थियो । उनमा अहंको भाव रत्तिभर पनि थिएन सदैव विनम्र औ विनयी रहने उनको नियम थियो । साधारण बसी सबैसित मेल राख्ने उनको अर्को विशेषता थियो ।

पाठशालाप्रति अनुराग औ त्यसको निम्ति अथक परिश्रमको साथ खट्न सक्ने उनी दृढ़ प्रतिज्ञ थिए । आफ्नो हृदयमा कुनै ठूलो अरू महत्वाकांक्षा राखेनन् ।

स्वर्गीय बराल एक निःस्वार्थ समाज सेवी थिए । जीवनको धेर जसो भाग उनले आफ्नो समाज र जातिको निम्ति अथक परिश्रम गरे । कालिम्पोङ शहरका प्रायः जसो महत्वपूर्ण संस्थाका उनी सदस्य थिए औ सबैमा अति चासो लिएर काम गर्ने गर्थे ।

साहित्यिक अभिरूचि उनमा यथेष्ट थियो । आजभन्दा प्रायः ४० वर्ष अघि हस्तलिखित जिलेटिनमा छापिएका नेपाली पत्रिकाका उनी सम्पादक थिए । यो पाठशालाको सुमाइट पत्रिका प्रकाशन गर्नमा उनले प्रशस्त परिश्रम गर्ने गर्थे । उनी कालिम्पोङका एक वरिष्ट साहित्यिक संस्थाका संस्थापक सदस्यका रूपमा केही वर्ष रहे । औ उक्त संस्थाद्वारा आयोजित कतिपय प्रतियोगितामा निर्णायक रहेका थिए । उनी एक असल वक्ता थिए, आफ्ना वाक्पटुताले श्रोतावर्गलाई आफूतिर आकृष्ट गर्न सक्दथे । गंगोत्री पाठशालाको संचालक समितिका सचिवको रूपमा १९५८-६२ सम्म कार्यरत रही यो पाठशालालाई दरिलो निवमा राख्न योगदान दिए । कालिम्पोङ के० एस० ए० का सन् १९५४ देखि १९६२ सम्म कर्मठ कर्मी थिए । पाठशालाको वार्षिक खेलकूदमा प्रत्यक्ष विवरण दिई दर्शकवृन्दलाई पेट मिची मिची हँसाएको हिजै जस्तो लाग्छ ।

स्वर्गीय बरालले कहिले काहिं कविता रच्ने औडाहा चल्दथ्यो । उनले साना तिना धेरै कविताहरू रचेका छन् । 'डम्बर रोदन' तथा अङ्गालवाला प्रतिकात्मक कविताहरू जो एस० यु० एम० आई० परिवार-भित्र सीमित रह्यो, यी दुइ कविताले आज पनि पुराना शिक्षकहरूका अनुहारमा मुस्कान ल्याएको देखिन्छ । कोही बेला उनको मुखबाट स्वतः प्रस्फुटित भई निस्केका अर्थपूर्ण तर हास्यपद टिप्पणी-हरूले स्टाफरूममा हाँसोको फोहराले गुञ्जायमान भएको पाइन्थ्यो ।

सबैको हित चाहने सबैसित मिल्ने स्वर्गीय बरालको जीवन अनुकरणीय छ । यस्ता कर्मयोगी शारीरिक अस्वस्थताको

कारणले घेरै समयसम्म ओछ्यान पर्नुपऱ्यो— परिवारको अनेक सेवा-सुश्रुषा र साथि भाइहरूका कामना हुँदा-हुँदै पनि सबै इष्ट-मित्र, बन्धु-बान्धवहरूलाई शोक सागरमा डुबाई २३-१-८५ को दिनमा स्वर्गवास भए। टिस्टा नदीको पवित्र जलधारामा उनको पार्थीव शरीरको दाह संस्कार उनको दुइ पुत्रहरूका हातबाट भयो। घेरै शिक्षक, छात्र तथा उनका इष्ट-मित्रहरू त्यहाँ श्रद्धाञ्जली अर्पण गर्न पुगेका थिए। उनको मृत्युले जुन क्षति पाठशालालाई पुऱ्यायो त्यो पूर्ण हुन घेरै समय लाग्छ। अन्त्यमा दिवांगत आत्माको चीर शान्तीको कामना गर्दछु।

—वी० के० सुब्बा

● ● ●

राष्ट्रीय अखण्डता

कृष्ण प्रधान
दशौं श्रेणी

